
परमेश्वरले तपाईँलाई प्रेम गर्नुहुन्छ।
येशू ख्रीष्टद्धारा परमेश्वर
पिताकाहाँ पुग्नु।
बाटो, सत्य र
जिवन म
नै हुँ।
के तपाईँ परमेश्वरलाई प्रेम गर्नुहुन्छ ?

*परमेश्वरले सुमधुर आवाजमा भन्नुभयो,*

*"मेरो प्रेमका बारेमा सबैलाई सुनाउनु ।"*

# परिचय

धेरै पटक हामी हाम्रा साधारण जिज्ञासाका जवाफ पतालगाउन कोशिस गर्छौं । यस पुस्तकले तपाईंलाई तपाईंका प्रश्नका जवाफहरू जो परमेश्वर, येशू ख्रीष्ट, पवित्र आत्मा र परमेश्वरसित तपाईंको सम्बन्धको बारेमा छन, ती बुझ्नलाई सहायता गर्दछ ।

यस पुस्तकमा परमेश्वरका छोरा छोरीहरूका उत्साहपुर्ण जिवन गवाही र उनिहरूका जिवनमा उहाँको महिमाको बारेमा पनि सामाग्रीहरू समावेस गरिएका छन ।

परमेश्वरको वचन र उहाँको प्रतिज्ञामा आधारित शक्तिसाली पार्थनाहरू यस पुस्तकमा समावेस गरिएका छन । यस्तै प्रार्थनाहरू गरेर तपाईं आफ्नो दैनिक जीवनमा परमेश्वरसँग हिंड्न सक्नुहुन्छ ।

मैले जस्तै तपाईंले पनि यो सानो पुस्तक पढेर आनन्द उठाउन सक्नुहन्छ । यस पुस्तकका दुवै जना लेखकहरूलाई म राम्रोसँग चिन्दछु उहाँहरूले यस पुस्तकलाई सवैको मन छुने र सरल भाषामा लेख्नुभएको छ । जब तपाईंले यो सानो पुस्तक पढ्नुहुन्छ, तपाईं परमेश्वरको प्रेम, शान्ति र आनन्दले भरिनुहुन्छ ।

आशिषित हुनुहोस, आशिषमा रहनुहोस् र अरूको निम्ति आशिष बन्नुहोस् ।

परमेश्वरले सवैलाई आशिष दिनुभएकोहोस् ।

अल्फोन्सा

# खण्ड - एक, परमेश्वर सम्बन्धी प्रश्नहरू

*मानिसहरूले प्राय सोध्ने प्रश्नहरू*

*पुस्तक शुरू गर्नुभन्दा पहिले आफैलाई यी प्रश्नशहरू सोधौँ ।*

*मेरा लागि परमेश्वर को हुनुहुन्छ ?*

*परमेश्वरसँग मेरो सम्बन्ध कस्तो छ ?*

*के परमेश्वरले सजाय दिनहुन्छ ?*

*मेरो विचारमा परमेश्वर रिसाहा हुनुहुन्छ कि प्रेमिलो हुनुहुन्छ ?*

*मैले जे जानको छु, त्यो नै सत्य छ भनेर मैले कसरी बुझ्ने ?*

## परमेश्वर को हुनुहुन्छ ?

परमेश्वर सर्वशक्तिमान हुनुहुन्छ । उहाँ हाम्रो सृष्टिकर्ता हुनुहुन्छ । हामी उहाँका सृष्टि हौं । उहाँको पुत्र प्रभु येशू ख्रीष्टले हामीलाई, उहाँलाई पिता भनि बोलाउनका लागि अनुमति प्रदान गर्नुभएको छ ।

## येशू को हुनुहुन्छ ?

येशू परमेश्वरका पुत्र हुनुहुन्छ । परमेश्वर स्वर्ग र पृथ्वीका सृष्टीकर्ता हुनुहुन्छ । उहाँले सबै थोक सृष्टी गर्नुभयो र उहाँ सबै थोकको मालिक हुनुहुन्छ । हामी मानवजाति पापबाट छुटकारा पाई परमेश्वरमा एक भई उहाँको सन्तान हुन सकौँ भन्ने हेतुले परमेश्वरले आफ्नो एकलौटे पुत्र येशू ख्रीष्टलाई बालिदान स्वरूप क्रूसमा मर्नको लागि यस संसारमा पठाउनुभयो । हामीलाई बचाउनका लागि येशूले हाम्रा सबै पाप बोकी क्रूसमा चढ्नुभयो । येशू ख्रीष्टद्वारा हामीले हाम्रा परमेश्वरलाई जो सृष्टिकर्ता हाम्रा पिता हुनुहुन्छ, उहाँलाई हामी पिता (अब्बा) भनी पुकार्न सक्छौं ।

## पवित्र आत्मा को हुनुहुन्छ ?

जब येशूले यस संसार छोड्नुभयो, तब उहाँले हामीसँग रहन र हामीलाई अगुवाइ गर्न उहाँको आत्मा दिनुभयो, उहाँ नै पवित्रआत्मा हुनुहुन्छ ।

## के येशू परमेश्वर हुनुहुन्छ ? के पवित्रआत्मा परमेश्वर हुनुहुन्छ ?

हो ! हामीसँग त्रिएक परमेश्वर हुनुहुन्छ । पिता, पुत्र र पवित्रआत्मा जो एक हुनुहुन्छ । परमेश्वरले स्वर्ग, पृथ्वी र पृथ्वीमा भएका सबै

थोकहरू र मानव जातिलाई बनाउनुभयो । उहाँले आफ्नो पुत्र येशूलाई हामी माफ रहनका लागि पृथ्वीमा पठाउनुभयो । हामीलाई ईश्वरीय जीवन जीउने कुरा सिकाउन र हाम्रोलागि क्रूसमा मर्नका लागि येशू आउनुभयो ।

परमेश्वरमा एक हुन सकौं भन्ने हेतुले क्रूसमा मरेर उहाँले अनमोल रगत बगाईकन हाम्रा पापहरू धुनुभयो ता कि हामी परमेश्वसँग एक हुन सकौं । उहाँले हामी भित्र बास गर्न र सधैं रहनका लागि उहाँको पवित्रआत्मा पठाउनुभयो ।

यदि हामीले पवित्र आत्मालाई हामीमा निम्त्यायौं भने उहाँ हाम्रो हृदयमा बास गर्नुहुन्छ ।

## मेरा लागि परमेश्वर को हुनुहुन्छ ?

परमेश्वर हाम्रो प्रेमिलो पिता हुनुहुन्छ । प्रायजसो हामी परमेश्वरलाई हाम्रा सृष्टीकर्ता र हामी उहाँका सृष्टीको रूपमा हेर्छौं । तर यस भन्दा पनि अर्को सत्य छ । येशू ख्रीष्टद्वारा उहाँ हाम्रा पिता हुनुहुन्छ र हामी उहाँका छोराछोरीहरू हौं । जब हामी येशूलाई परमेश्वरको पुत्रको रूपमा विश्वास गर्छौं, हामी परमेश्वरसँग उहाँका छोराछोरीका रूपमा एक पनि भएका छौं । हामी येशूद्वारा हाम्रा सृष्टीकर्ता परमेश्वरलाई अब्बा पिता भनी पुकार्न सक्छौं ।

## हामीबाट परमेश्वरले के चाहनुहुन्छ ?

उहाँले हामीलाई प्रेम गर्नुहुन्छ भन्ने कुरा हामीले जानेको उहाँ चाहनुहुन्छ । अनि हामीले पनि उहाँलाई पिताको रूपमा प्रेम गरेको चाहनुहुन्छ । उहाँसँग हामी प्रत्येकको लागि महान योजना छ भन्ने

कुरा हामीले बुझेको उहाँ चाहनुहुन्छ । उहाँलाई हामीले प्रेम गरेको, उहाँको नजिक आएको र उहाँसँग हाम्रो सम्बन्ध बलियो पारेको उहाँ चाहनुहुन्छ । हामीले उहाँसँग समय बिताएको, उहाँसँग बातचीत गरेको, उहाँको अगुवाइ खोजेको, एकान्त समय बिताएको र उहाँलाई अझ नजिकबाट चिनेको उहाँ चाहनुहुन्छ ।

## हाम्रो जीवनको उद्देश्य के हो ?

हाम्रो जीवनको उद्देश्य परमेश्वरको इच्छा पूरा गर्नु हो । अनि परमेश्वरको हामीप्रतिको इच्छा चाहिँ, उहाँलाई प्रेम गर्नु, उहाँलाई अझ  गहिरोसँग चिन्नु र हामीले सोचे भन्दा पनि बढी र शब्दमा व्याख्या गर्न सक्ने भन्दा पनि बढी उहाँले हामीलाई प्रेम गर्नुहुन्छ भन्ने थाहा गर्नु हो । हामीले उहाँलाई कसरी प्रेम गर्ने, कसरी उहाँको सेवा गर्ने, कसरी अरूहरूको सेवा गर्ने र कसरी हाम्रो जीवनमा सफल हुने भन्ने कुरा जान्नका लागि हामीले परमेश्वरसँग उहाँको पवित्र उपस्थितिमा सबैभन्दा बढी समय बिताउनुपर्छ ।

## हामी कसरी परमेश्वरको नजिक आउन सक्छौँ ?

हामी उहाँको पवित्र उपस्थितिमा निरन्तर समय बिताएर, परमेश्वरको वचन पढेर र मनन गरेर, उहाँसँग प्रार्थना गरेर, उहाँलाई नै हाम्रो जीवनमा पहिलो स्थान दिएर उहाँको नजिक आउन सक्छौँ । हाम्रो जीवनको मुख्य प्राथमिकता उहाँलाई दिनु र पत्येक दिन उहाँसँग समय बिताउनु हुनुपर्छ ।

## एकान्त समय र शान्त समय भनेका के हो ?

एकान्त समय भनेको परमेश्वरको पवित्र उपस्थितिमा उहाँको चरणमा उहाँसँग मात्रै समय बिताउनु हो । परमेश्वरले हामीलाई प्रेम गर्नुहुन्छ र हामीले उहाँसँग समय बिताएको र उहाँको हामीप्रतिको प्रेमलाई बुझेको चाहनुहुन्छ । धेरै पटक हामी परमेश्वरमा केवल हाम्रा आवश्यक्ताको समयमा मात्र आउन र प्रार्थना गर्ने गर्दछौं । परमेश्वरले हामीबाट यो भन्दा पनि बढि चाहनुहुन्छ । हामीलाई खाँचो र आवश्यकता पर्दा मात्र होईन तर हाम्रो जीवनको असल समयहरूमा पनि परमेश्वरसँग समय बिताएको उहाँले हामीबाट चाहनुहुन्छ ।

उहाँ हाम्रो जीवनको सबैभन्दा महत्वपूर्ण व्यक्ति हुन चाहनुहुन्छ । हाम्रो जीवनका दुःखहरू मात्र होईन तर आनन्द र खुशीहरू पनि हामीले उहाँसँग बाँडेको चाहनुहुन्छ । हाम्रो जीवनका समस्याहरू चुनौतीहरू, हाम्रो आनन्द, हाम्रो सफलता र जीवनका प्रत्येक पक्षहरू उहाँसँग छलफल गरेको उहाँ चाहनुहुन्छ । उहाँमा हामी पूर्णरूपमा समर्पण गरेको चाहनुहुन्छ ता कि उहाँले हाम्रो लागि साँचेर राख्नु भएको सबै असल र प्रशस्तताबाट हामीलाई निर्देशन दिन सक्ने भएको होस ।

यसको लागि हामीले उहाँलाई खोज्नुपर्छ, उहाँसँग समय बिताउनुपर्छ, उहाँलाई चिन्नुपर्छ र उहाँप्रति आज्ञाकारी हुनुपर्छ ।

## हाम्रो लागि परमेश्वरको योजना के छ ? मुक्ति भनेको के हो ?

हरेकले उहाँमा अनन्त जीवन पाएको होस भन्ने परमेश्वरको इच्छा छ । मानव जातिले परमेश्वरको विरोध गरेर पापमा पतन भए ।

परमेश्वर अति प्रेमिलो हुनुहुन्छ त्यसैल हामीलाई उहाँले आशाहिन र समाधान विहिन बनाएर त्यसै छोड्नु भएन । हाम्रो पापको बलिदान स्वरूप क्रूसमा मर्न परमेश्वरले यस संसारमा आफ्नो एक मात्र पुत्र येशूलाई पठाउनुभयो । जब हामी पश्चाताप गरी येशूमा विश्वास गर्दछौं, उहाँले हामीलाई क्षमा दिनुहुन्छ अनि हामी उहाँमा एक हुन्छौं ।

जब हामी येशूलाई हाम्रो जीवनको मुक्तिदाता भनी व्यक्तिगत रूपमा विश्वासका साथ ग्रहण गर्छौं, येशू ख्रीष्ट, एक व्यक्तिमाथि भरोसा राखेर, क्रूसमा भएको उहाँको बलिदानिक मृत्य र पुनरूत्थान जो हाम्रो पापका लागि थियो, तब अनन्त न्याय र पापका परिणमबाट हामीले पाउने दण्डबाट बचाउन परमेश्वरको योजना हामी पूरा गर्दछौं । अनि हामी सदाको लागि उहाँको पवित्र उपस्थितिमा रहँदै हाम्रो भविष्य परमेश्वरमा निश्चित हुदँछ र त्यहि नै मुक्ति हो ।

## के परमेश्वरले साँचिकै उहाँको उपस्थितिमा हामीलाई बोलाउनुहुन्छ ?

हामीले पवित्र आत्माको उपस्थितिमा काम गर्नुपर्छ भन्ने परमेश्वरको इच्छा छ । जव येशूका चेलाहरूले उहाँलाई भेटे र उहाँ कहाँ बस्नुहुन्छ भनि सोधे, तव उहाँले जवाफ दिनुभयो," म सँगै आओ र हेर" अनि चेलाहरूले उहाँलाई पच्छ्याए र उहाँसँगै बस्न लागे । परमेश्वरको प्रेम हिजो, आज र संधैभरी र अहिलेपनि एक समान छ । यदि हामी उहाँलाई अझै गहिरो रूपमा बुझन चाहन्छौं भने हामीले उहाँसँग समय विताउन र उहाँको प्रेमको अनुभव गर्नुपर्छ । त्यसको लागि हामीसँग हृदय हुन आवस्यक छ ।

येशूले हामीलाई बोलाएर भन्नुहुन्छ, *"हे सबै थाकेका र बोझले थिचिएकाहरू हो, म कहा आओ, म तिमीहरूलाई विश्राम दिनेछु । "*

परमेश्वरले पवित्र धर्मशास्त्र बाइबलमा अर्को रमाइलो प्रतिज्ञा पनि हाम्रोलागि गर्नुभएको छ,

*"तिमीहरूका सबै दूखः र समस्याहरू उहाँमा राख उहाँले तिमीहरूको वास्ता गर्नुहुन्छ ।" सत्य परमेश्वर प्रेमिलो परमेश्वर हुनुहुन्छ र उहाँले हामीलाई उहाँसगै बोलाउनुहुन्छ ।*

## येशूमा किन आराधना चढाउने ?

हामीले येशूमा आराधना चढाउनु पर्छ किनकी उहाँ परमेश्वरको पुत्र हुनुहुन्छ । उहाँ यस पृथ्वीमा हाम्रो लागि क्रूसमा मर्न आउनुभयो । उहाँ हामीलाई शिक्षा दिन र पवित्र जिवन जिउन सिकाउन आउनु भयो । हामीलाई हरेक पापहरू र बिरामीहरूबाट बचाउन आउनुभयो । उहाँले हामीलाई परमेश्वरमा एक हुनलाई, स्वर्गिय पितालाई प्रेम गर्न र हाम्रो पापको खातिर मर्नुभयो । उहाँद्वारानै हामी सर्वशक्तिमान परमेश्वरलाई हाम्रा पिता भन्न सक्छौं ।

## येशूमा प्रार्थना गर्ने कुनै विषेश समय हुनुपर्छ ?

येशूमा पार्थना गर्ने कुनै विषेश समय, दिन र हप्ता चाहिन्दैन । हामीले हरेक दिन उहाँमा समय बिताएको परमेश्वर चाहनुहुन्छ । हामीले कुनैपनि समयमा उहाँसँग समय बिताउन सक्छौं । हरेक दिन विहान हाम्रो आफ्नो दैनिकी सुरूगर्नु भन्दा अगाडी र राती सुत्नु भन्दा पहिले उहाँसँग समय बिताएको राम्रो हुन्छ । दिनको काम सुरू गर्नुभन्दा पहिले आषिसको लागि प्रार्थना गर्न सकिन्छ भने रातीको समयमा आराम गर्नु भन्दा पहिले दिनभरिको कामको लागि धन्यवाद दिन सकिन्छ । रातीको समयमा दिनभरिको कामको पुनःस्मरण गर्दै असल कामकोलागि परमेश्वरलाई धन्यवाद दिन र

गल्ती, कमजोरीका लागि उहाँसँग क्षमा माग्नु राम्रो हुन्छ साथै अर्को दिनकोलागि पनि प्रार्थना गर्न सकिन्छ ।

सोहि समयमा हाम्रा आफन्त, साथीभाइ र खाँचोमा परेकाहरूको निम्ति पनि प्रार्थना गर्न सकिन्छ । जव हामी अरूका निम्ति प्रार्थना गर्छौं, परमेश्वरलाई यो मन पर्छ । त्यसकारण कहिलेकाहीँ हामिले अरूसँग र अरूका निम्ति पनि प्रार्थना गरेको राम्रो हुन्छ ।

## कसैलाई रजस्वला (महिनावारी) भएको छ भने मण्डली जान सक्छ ?

हामी हरेक अवस्थामा मण्डली जान सक्छौं । मण्डली जानका लागी कुनै नियम र बन्देज छैन । येशूको प्रेम बिरामी, निरोगी, धनी, गरीब, बालक र जवान सबैमा समान रहन्छ । येशू यस पृथ्वीमा सवैसँग समान हुन आउनुभयो । उहाँ हामी सवैसँग समान व्यवाहार गर्नुहुन्छ । परमेश्वरको पुत्र हुनुभएको कारण उहाँ धनीको घरमा जन्मन सक्नुहुन्थ्यो तर त्यस्तो नचाहि एउटा गोठमा जन्मन चाहनुभयो । उहाँलाई पहिलो पटक भेट्न धनी मानिसहरू जान सक्थे तर उहाँले गोठालाहरूलाई (गरिबलाई) भेट्ने अनुमति दिनुभयो ।

## हामीले कसरी प्रार्थना गर्नुपर्छ ?

प्रार्थनाको लागि कुनै खास नियम र विधि छैनन् । हाम्रा हात खुम्च्याएर वा खुला राखी हामी प्रार्थना गर्न सक्छौं । घुँडा टेकेर, बसेर वा तल खडा भएर हामीले प्रार्थना गर्न सक्छौं । हाम्रो हृदय कस्तो छ ? त्यो मुख्य कुरा हो । येशूले हाम्रो ह्दय हेर्नुहुन्छ । प्रार्थना गर्दा हामी र हाम्रा प्रियजनहरूका निम्ति उहाँले जे गर्नुभएको छ, त्यसका

निम्ति उहाँलाई प्रशंसा गर्नु पर्छ । हामी हाम्रा दैनिक प्रार्थनाको जीवनको भागको रूपमा विशिष्ट प्रार्थना प्रयोग गर्न सक्छौं । पार्थना भनेको खुलासँग हाम्रा परमेश्वरसँग कुराकानी गर्ने समय हो, जब हामी हाम्रो सांसारिक पितासँग कुरा गर्छौं, कसरी उहाँसँग कुराकानी गर्नेहोला र कुन कुन शब्दहरू प्रयोग गर्नेहोला भनेर हामी पूर्वतयारी गर्दैनौं । त्यसरी नै, जब हामी हाम्रो स्वर्गमा बस्नुहुने प्रेमिलो पिताको चरणमा जान्छौं तब हाम्रो प्रार्थना पनि स्वभाविक र स्वतःस्फूर्त हुन सक्छ । हामीले अघिबाटै शब्द र वाक्यहरू तयारी गरिराख्नु आवश्यक पर्दैन । जब हामी परमेश्वरसँग प्रार्थना गर्दछौँ बाइबलमा भएका परमेश्वरका प्रतिज्ञाहरू दाबी गर्नु पनि एउटा राम्रो अभ्यास हो । जब हामी प्रार्थना गर्दछौँ तब अरूहरूका निम्ति पनि प्रार्थना र अन्तर्विन्ति गर्नु राम्रो हुन्छ । जब हामी अरूहरूका निम्ति प्रार्थना गर्दछौँ तब यसले परमेश्वरको हृदयलाई खुशी बनाउँदछ ।

## प्रार्थना गर्नका निम्ति हप्ताका कुनै निर्दिष्ट दिनहरू छन् ?

अँहँ, प्रार्थना गर्नका निम्ति कुनै निर्दिष्ट दिनहरू छैनन । हरेक दिन विशिष्ट छ र हरेक दिन हामीले परमेश्वरमा प्रार्थना गर्नु पर्छ । हरेक शनिबार चर्चहरूमा विशेष आराधना सेवा हुँदछन जसमा हामी पनि परमेश्वरलाई आराधना गर्नका निम्ति सामूहिक रूपमा उपस्थित हुनु पर्दछ । विशेष प्रार्थना र उपवास गर्नको निम्ति तपाईंले हप्ताका कुनै दिन छान्न सक्नुहुन्छ । प्रार्थनाको समूह एकै ठाउँमा भेला भएर एक अर्काका प्रार्थनाका विषयहरूमा प्रार्थना गर्नका निम्ति हप्ताको कुनै दिन छान्न सक्नुहन्छ ।

## प्रार्थना गर्दा उच्चारण गर्नु पर्ने बाइबलका कुनै निर्दिष्ट पदहरू छन ?

प्रार्थना गर्दा तपाईंले बाइबलका निर्दिष्ट पदहरू प्रयोग गर्न पनि सक्नुहुन्छ र नगर्न पनि सक्नुहुन्न ? हाम्रो प्रेमिलो येशू ख्रीष्टले हाम्रो मन र मष्तिष्कमा के छ सो जान्न र बुझ्न सक्नुहुन्छ। यद्यपि, हामीले प्रार्थना गर्दाखेरि बाइबलमा भएका परमेश्वरका प्रतिज्ञाहरू लिएर ती प्रतिज्ञाहरू दावी गर्नु एउटा राम्रो अभ्यास हो । बाइबल सत्य छ । विश्वास गर्न र हाम्रो आफ्नो लागि दाबी गर्न बाइबलमा भएका प्रतिज्ञाहरू हाम्रा निम्ति उपलब्ध छन । प्रार्थना गर्नको निम्ति कुनै निर्दिष्ट सयम छैन। हामी जहिले चाहन्छौं तहिले परमेश्वर काहाँ जान सक्छौं । उहाँ हाम्रो निम्ति जुनसुकै समय भेट्न सकिने र उपलब्ध हुनुहुन्छ। हामीले कल्पना वा वर्णन गर्न नसक्नेगरी उहाँले हामीलाई धेरै प्रेम गर्नु हुन्छ।

## प्रार्थनाका विभिन्न तरिकाहरू के के हुन ?

हाम्रो हरेक आवश्यकताका लागि प्रार्थना विभिन्न प्रकारका छन। हामीलाई सजिलै उपलब्ध हुने तरिकाहरू उपयोग गरेर हामी परमेश्वरमा प्रार्थना गर्न सक्छौं। यी संरचित प्रार्थना हुन (तपाईंले प्रार्थना गर्दा यस पुस्तकको भाग ३ प्रयोग गर्न सक्नुहुन्छ। हामीले प्रार्थना गर्दा हाम्रा आफनै शब्द र वाक्यहरू प्रयोग गर्न सक्छौं। हामीले हाम्रा विचार र भावनाहरू व्यक्त गर्ने शब्दहरू हामीसँग नभए पनि त्यो परमेश्वरले बुझ्नुहुन्छ। उहाँ हाम्रो प्रेमिलो परमेश्वर हुनुहुन्छ। हामीले अरू मानिसहरूका लागि प्रार्थना गरेको र अर्न्तविन्ति गरेको परमेश्वर चाहनुहुन्छ । जब हामी परमेश्वरमा प्रार्थना गर्छौं तब हामीजस्तै परिस्थितिमा रहेका अरू मानिसहरूका लागि हामीले प्रार्थना गर्नु पर्छ (व्यक्तिगत रूपमा ती व्यक्तिहरूलाई हामीले नचिनेको भए तापनि) । यसरी हामी अरू मानिसहरूका जीवनको लागि आशिष बन्छौं र परमेश्वर यसमा खुशी हुनुहुन्छ।

## चिन्तित र प्रार्थनामा ध्यान केन्द्रित हुन नसकेको अवस्थामा मैल के गर्नु पर्छ ?

चिन्ता, फिक्री र निराशको समयमा परमेश्वरले तपाईंलाई विगतमा दिनुभएका आशिषहरूको सम्झना गर्नुहोस् । तपाईंको जीवनमा उहाँले वर्षाउनुभएको सम्पूर्ण आशिषहरूको निम्ति उहाँलाई धन्यवाद दिनुहोस । उहाँ जो हुनुहुन्छ त्यसको लागि उहाँलाई प्रशंसा गर्नुहोस, उहाँ हाम्रा परमेश्वर र प्रेमिलो पिता हुनुहुन्छ। कसरी उहाँले आफ्ना जनहरूलाई आशिष दिनुहुन्छ त्यसको कल्पना गर्नुहोस । उहाँले कसरी आफ्ना जनहरूलाई आशिष दिनुभयो (उदाहरणका लागिः तिनीहरूलाई उहाँले मिश्रबाट निकालेर ल्याउनुभयो, लाल समुद्र दुई भाग गरिदिनुभयो, उजाडस्थानमा यात्रा गर्दा उहाँ तिनीहरूसँगै हुनुभयो, आगो र बादलको खाँबो भएर तिनीहरूलाई अगुवाइ गर्नुभयो, उजाडस्थानमा खानेकुरा र पानी उपलब्ध गराइदिनुभयो) । अन्य धेरै कुराको लागि परमेश्वरलाई धन्यवाद टक्याउनुहोस र प्रशंसा गर्नुहोस । जसै तपाईं उहाँलाई प्रशंसा र धन्यवाद टक्र्याउनुहुन्छ तब तपाईंले आफ्नो मनका भावनाहरूका अवस्थामा परिवर्तन आएको थाह गर्नुहुनेछ । अनि तपाईं अझै बढी प्रभावकारी रूपमा परमेश्वरमा प्रार्थना गर्न सक्षम हुनुहुनेछ ।

## उपवास किन महत्वपूर्ण छ ?

उपवासले हामीलाई परमेश्वरको नजिक ल्याउँदछ। नियमित रूपमा उपवास बसेर हामी परमेश्वरको अझै नजिक आउन र हाम्रो निम्ति उहाँको इच्छालाई अझ स्पष्ट रूपमा थाह गर्न सक्तछौं । उपवासले परमेश्वरसँगको हाम्रो सम्बन्धलाई अर्को स्तरसम्म पुऱ्याउँछ ।

## कसरी उपवास बस्ने ?

उपवासका भिन्नभिन्न प्रकार र भिन्न भिन्न प्रकारका प्रार्थनाका लागि भिन्न भिन्न अवधि छन । प्रार्थना अवधि र प्रकृतिका हिसाबले फरक-फरक हुन सक्नेछन ।  यो एक हप्तामा आधा दिनका वा बढीमा लगातार चालीस दिन वा सोभन्दा अधिक पनि हुन सक्छ । सुरूवात गर्नेहरूका निम्ति, कुनै व्यक्तिले हप्ताका आधा दिन उपवासको योजना बनाउन सक्छ (उदाहरणका लागिः बिहानको नास्ता र खाना नखाएर) । उपवास भनेको पानी पनि पिउनु हुँदैन भन्ने होइन । वास्तवमा उपवास बसेका दिनमा अझ बढी पानी पिउन आवश्यक पर्छ । उपवास बसेको दिनमा बढी समय प्रार्थनामा बिताउनु पर्छ । र उपवास अपरान्ह वा साँझपछि तोड्न सकिन्छ । धेरै मानिसहरूले आफ्नो उपवास दिनको तीन बजे समाप्त गर्छन, जुन समयमा हाम्रा प्रभु येशू ख्रीष्ट हाम्रा लागि क्रूसमा मर्नुभयो, हामीलाई पापको दण्डबाट बचाउन र मृत्युलाई जित्न । सामूहिक उपवास अत्यन्त प्रभावशाली हुन्छ । व्यक्तिहरू  एक ठाउँमा जम्मा भएर उपवास बस्न, प्रार्थना गर्न र एकअर्काकाको खाँचोहरूको निम्ति परमेश्वरमा अन्तर्विन्ति गर्न सक्छन । विभिन्न प्रकारका प्रार्थनाको बारेमा तपाईंले इन्टरनेटबाट थप जानकारी लिन सक्नुहुन्छ ।

## तीन बजेको प्रार्थना भनेको के हो ?

अपरान्हको तीन बजेलाई ठूलो कृपाका घण्टा भनिन्छ । यो त्यही समय हो जुन समयमा हाम्रा प्रभु येशू ख्रीष्ट क्रूसमा मर्नुभयो र संसारलाई छुटकारा दिनुभयो । यो त्यही क्षण हो जुन क्षणमा परमेश्वरले संसारलाई सधैंको निम्ति परिवर्तन गरिदिनुभयो । तीन बजेको प्रार्थनाले तपाईं, म र हामी सबैलाई बचाउन हाम्रा प्रभु येशू ख्रीष्टको क्रूसका पीडा र बलिदानको संझना दिलाउँछ । येशू ख्रीष्टको पीडा नै हामीप्रति भएको उहाँको प्रेमको प्रमाण हो ।

तीन बजेका प्रार्थनाको निम्ति प्रार्थनाको खण्ड हेर्नुहोस ।

## बाइबल के हो ?

बाइबल परमेश्वरको प्रेमपत्र हो। उहाँका छोराछोरीका रूपमा उहाँले हामीलाई कसरी प्रेम गर्नुहुन्छ, त्यो प्रेमकथा हो । हामी सबै जना परमेश्वरका छोराछोरीहरू हौं । जब तपाईं बाइबललाई पढ्नुहुन्छ, तब तपाईंले हाम्रो निम्ति परमेश्वरको अदभूत योजनाका बारेमा जान्नुहुनेछ। कसरी परमेश्वरले सम्पूर्ण थोकको सृष्टि गर्नुभयो, कसरी उहाँले हामीलाई प्रेम गर्नुहुन्छ, उहाँले हामीबाट के इच्छा गर्नुहुन्छ, कसरी र किन उहाँले येशूलाई हाम्रा निम्ति मर्न पठाउनुभयो, हाम्रा दैनिक जीवनका निम्ति उहाँका के निर्देशन र सल्लाह छ, र अरू धेरै चाखलाग्दा र प्रेरणादायी सत्यताहरू । बाइबल पवित्रआत्माका अगुवाइद्धारा प्रेरणा पाएका धेरै लेखकहरूद्धारा लिखित पुस्तकहरूको संग्रह हो । तसर्थ, बाइबल परमेश्वरको वचन हो ।

**बाइबलमा निम्न कुराहरू छन्:**

- परमेश्वरको प्रेमकथा
- ख्रीष्टमा हाम्रो पहिचान
- साँचो ऐतिहासिक कथाहरूको एक अदभूत संग्रह
- येशूको जीवनी
- हाम्रा निम्ति परमेश्वरको प्रेरणादायी प्रतिज्ञाहरू
- दैनिक जीवनका निम्ति निर्देशन र उपदेशहरू (जीवनको निर्देशनका पुस्तक)
- हाम्रा निम्ति परमेश्वरको अटुट प्रेम, विशेषगरी नैराश्यता, दुःख र समस्याका समयमा ।

## परमेश्वरको प्रेमकथाका बारेमा बाइबलमा के छ ?

बाइबल परमेश्वरको प्रेमकथा हो । यो उहाँको प्रेमकथा हो, जुन उहाँका छोराछोरीका रूपमा उहाँले हामीलाई कसरी प्रेम गर्नुहुन्छ भन्ने कुरा उल्लेख छ । बाइबलले हामीलाई परमेश्वरले कसरी स्वर्ग

र पृथ्वी सृष्टि गर्नुभयो, मानवलाई कसरी सृष्टि गर्नुभयो, हाम्रो निम्ति उहाँको प्रेम, कसरी र किन उहाँले हाम्रा साटोमा मर्नको निम्ति येशूलाई पठाउनुभयो र हाम्रो निम्ति उहाँको अदभूत प्रतिज्ञा र योजनाहरूबारे बताउँदछ ।

यदि तपाईंले बाइबलको पुरानो नियमलाई पढ्नुभयो भने कसरी परमेश्वरले उहाँका प्रियजनहरूलाई मिश्रबाट निकालेर ल्याउनुभयो र दासत्वबाट छुट्कारा दिलाउनुभयो, कसरी लाल समुद्र दुई भागमा विभाजन गरेर त्यस समुद्रमा बाटो बनाउनुभयो ता कि उहाँका जनहरू कुनै हानिबिना समुद्र पार गर्न सकून, कसरी उहाँले आफ्ना जनहरूको सुरक्षा गर्नुभयो र दिनमा बादलको खाँबो र रातमा आगोका खम्बा भएर अगुवाइ गर्नुभयो । आफ्ना प्रियजनहरू उजाडस्थानमा रहँदा परमेश्वरले कसरी उनीहरूलाई स्वर्गबाट खाने कुरा (मन्न) र चट्टानबाट पानी उपलब्ध गराउनुभयो भन्ने कथा पाउनुहुनेछ । कसरी उहाँका जनहरूले परमेश्वरको अवज्ञा गरे र उहाँलाई चोट पुऱ्याए भन्ने कुराको कथाहरू पनि बाइबलमा छन । तर, परमेश्वरले सधैं नै उहाँको आफ्नो प्रेममा उनीहरूलाई क्षमा दिनुभयो, आशिष दिनुभयो । इस्रायलीहरू चालीस वर्षसम्म उजाडस्थानमा थिए तर उनीहरूका वस्त्र फाटेनन र उजाडस्थानमा धेरै पैदल यात्रा गर्दा पनि उनीहरूका गोडा सुन्निएनन् ।

यी कथाहरू बाइबलमा रहेका धेरै कथाहरूका केही झलकहरूमात्र हुन । जब तपाईंले बाइबल पढ्नुहनेछ तब तपाईंले परमेश्वरका अन्य धेरै अदभूत कथाहरू पाउनुहुनेछ ।

## के बाइबल वास्तविक रूपमा सत्य छ ?

हो, बाइबल सत्य छ । बाइबल परमेश्वरको वचन हो । धेरै जना

व्यक्तिहरूले बाइबलमा उल्लेखित कुराहरूको सत्यताबारे बहस गर्दछन । मानिसहरूले खडा गरेका थुप्रै प्रश्नहरूका विभिन्न समयावधिमा जवाफ दिइसकिएका छन् । उदाहरणका लागि, प्राप्त पुरातात्विक प्रमाण, ऐतिहासिक अभिलेख आदिद्धारा धेरै प्रश्नहरूको उत्तर मिलिसकेको छ । विज्ञानसँग सम्बन्धित धेरै प्रश्नहरूको जवाफ प्राप्त नयाँ वैज्ञानिक प्रमाणहरूद्धारा मिलिसकको छ र बाइबलमा लेखिएका कुराहरूसँग यिनलाई जोड्न मानिसहरू सफल भएका थिए । त्यसैगरी, जब मानिसहरूले भविष्यमा थप नयाँ वैज्ञानिक सूचना वा ऐतिहासिक प्रमाणहरू फेला पार्नेछन तब मानिसहरूका अन्य थुप्रै प्रश्नहरू (बाइबलमा उल्लेखित सत्यतासम्बन्धी तथ्य) उत्तरित हुनेछन । हाम्रो निम्ति महत्वपूर्ण भनेको हाम्रो निम्ति भएको परमेश्वरको प्रेम र परमेश्वरको वचन, बाइबललाई विश्वास गर्नु हो । सबै प्रश्नहरूको जवाफ उहाँकै समयमा उत्तरित हनेछन । हामीले भने परमेश्वरमा विश्वास गर्न र उहाँमा भरोसा गर्नुपर्छ ।

## मैल कसरी बाइबल पढ्नुपर्छ ?

बाइबल विभिन्न पुस्तकहरूको एक संग्रह हो । केही पुस्तकहरूमा कथाहरू समावेश छन, केहीमा बुद्धिका वचनहरू, केही पुस्तकहरू कवितात्मक पुस्तकहरू, केही पुस्तकहरूले हामीलाई विशेष निर्देशन दिनेखालका छन, केही पुस्तकहरूले हामीलाई येशू र उहाँले पृथ्वीमा रहनुहुँदा उहाँले गर्नुभएका सेवकाइको बारेमा जानकारी दिन्छन, केही पुस्तकहरूले हामीलाई उत्साह प्रदान गर्दछन भने केही पुस्तकहरूले हामीलाई भविष्यमा हुनआउने कुराहरूको झलकहरू दिन्छन ।

यदि तपाईंले बाइबललाई सुरूदेखि अन्तसम्म एक मोटो उपन्यासजस्तै ठानेर पढ्नुभयो भने केही दिनमै तपाईंले आफ्नो चाहना हराउनु हुनेछ ।

बाइबल दूई भागमा बाँडिएका छन । पुरानो करार (येशू भन्दा पहिलेको समय) र नयाँ कारार (येशू भन्दा पछिको समय) । यदि तापाईँ परमेश्वरले गर्नुभएको सृष्टिको कुरा र ऐतिहाँसिक समय र मानिसहरूको बारेमा पढ्न चाहनुहुन्छ भने तपाईँले पुरानो करार पढ्नु पर्दछ । (जस्तै, उत्पती, प्रस्थान, लेवी, गन्ती आदि) । यदि तापाईँ येशूको बारेमा र उहाँले स्थापना गर्नुभएका मण्डलीको बारेमा पढ्न चाहनुहुन्छ भने तपाईँले नयाँ करारको पहिलो पाँचवटा पुस्तक जस्तैः (मत्ती, मर्कुष, लूका, यूहन्ना, प्रेरित) र यदि तपाईँ गीत गाउन र परमेश्वरको आराधना गर्न चाहनुहुन्छ भने, तपाईँले भजन संग्रहका पुस्तकबाट गर्न सक्नुहुन्छ ।

## बाइबलका पदलाई कसरी मनन् गर्ने ?

बाइबल परमेश्वरको प्रतिज्ञाहरूले भरिएको छ । जव हामी बाइबलका विषेश पदहरू पढ्छौँ हाम्रो ध्यान आर्कषण हुन्छ । पवित्र आत्माले हामीलाई परमेश्वरको वचनमा अगुवाइ गर्नुभएको होस भनेर हामीले प्रार्थना गर्नु पर्दछ र परमेश्रले उहाँको योजना, प्रतिज्ञा र इच्छाहरू हामीमा लागू गर्नुहुन्छ । हामीले उहाँको वचन विश्वास साथ पढ्नु पर्दछ ।

## बाइबलमा प्रतिज्ञा गरिएका शक्तिसाली प्रतिज्ञाहरू के के हुन ?

बाइबल परमेश्वरको प्रतिज्ञाहरूले भरिएको पुस्तक हो । यसको उदाहरणको रूपमा यस पुस्तकको खण्ड तीनमा (प्रार्थनाको खण्ड) पाउनुहुन्छ । यी प्रार्थनाहरूमा परमेश्वरले हाम्रोलागि गर्नुभएको प्रतिज्ञाहरूका बारेमा पद सहित उल्लेख गरिएको छ । तपाईँले आफ्नो लागि पनि यी पदहरू प्रयोग गरी प्रार्थना गर्न सक्नुहुन्छ ।

## येशूको मृत्यू दूखदपुर्ण भएको थियो, उहाँ कसरी परमेश्वर हुन सक्नुहुन्छ ?

परमेश्वर, स्वर्ग र पृथ्वीलाई सृजनुहुने हाम्रो प्रेमिलो तथा स्वर्गिय पिता हुनुहुन्छ। अनि येशू परमेश्वरका पुत्र हुनुहुन्छ। येशूलाई यस पृथ्वीमा हम्रोलागि एउटा निर्दोस पाठो बनाएर पठाउनु अनि उहाँले क्रूसमा हाम्रो पापका लागि बलि दिनुनै परमेश्वरले हामिलाई प्रेमगर्नु हुन्छ भन्ने प्रमाण हो। हामीलाई हाम्रा पापहरूबाट परमेश्वर वाहेक अरू कसले वचाउन वा मुक्ति दिन सक्छ ? येशूले भन्दा बढी प्रेम हामीलाई कसले गर्न सक्छ ता कि उहाँ मेरो, तपाईंको र हामी सवैको पापको खातिर मर्नुभयो। तर पनि आज धेरै मानिसहरूले येशू को हुनुहुन्छ भनेर चिनेका छैनन।

हामी हरेकको जीवन वचाउन येशू क्रूसमा मर्नुभयो, तर पनि हामी धेरैले उहाँलाई चिन्दैनौं। उहाँले भन्दा धेरै हामीलाई कसले प्रेम गर्न सक्छ ?

परमेश्वर शक्तिसाली हुनुहुन्छ। परमेश्वरले उहाँको शक्तिद्वारा हाम्रा पापहरू क्षमा गर्न सक्नुहुन्छ। फेरी किन येशू हाम्रोलागि मर्नुभयो ?

परमेश्वर, हाम्रा पिता प्रेमिलो हुनुहुन्छ। उहाँले हामी हरेकलाई कति धेरै प्रेम गर्नुहुन्छ भन्नेकुरा शब्दमा व्यक्त गर्न सकिन्दैन। जे भएपनि परमेश्वर सत्य परमेश्वर हुनुहुन्छ। परमेश्वरको न्याय र सत्यताले पापीहरू सजायका भागी हुनुपर्दछ भन्दछ। तर उहाँले हामीलाई प्रेम पनि गर्नुहुन्छ। उहाँको प्रेम र दयाले गर्दा सव पापीहरूलाई पापबाट स्वतन्त्र गराउन चाहनुहुन्छ। परमेश्वरले हाम्रा पापहरूको ज्याला स्वरूप उहाँको एक मात्र पुत्र येशूलाई पठाउनु भयो। यस्तो प्रेम परमेश्वरले हामीलाई गर्नुभयो यस्तो प्रेम हामी कोसँग तुलना गर्न सक्छौं ?

परमेश्वर शक्तिसाली हुनुहुन्छ । उहाँले आफ्नो शक्तिद्वारा हाम्रा पापहरू क्षमा गर्न सक्नुहुन्छ । फेरी येशूले किन हाम्रो निम्ती मर्नुपरेको हो ?

परमेश्वर हाम्रो पिता प्रेमिलो हुनुहुन्छ । हामिलाई उहाँले कति प्रेम गर्नुहुन्छ भनेर शव्दमा व्याख्या गर्न सकिँदैन । जे भएपनि परमेश्वर सत्य र विस्वासयोग्य हुनुहुन्छ । परमेश्वरको न्याय र सत्यताले पापीहरूले सजाय पाउनैपर्छ भन्दछ । तर फेरी उहाँले हामीलाई बचाउनकै निम्ति प्रेम गर्नुभएको हो, साथै उहाँको प्रेम र दयाले गर्दा हामी पापीहरू स्वतन्त्र हुँदछौँ ।

त्यसकारण परमेश्वरले हाम्रो पापको कारण येशूलाई हाम्रो मुक्तिदाता बनाएर यस संसारमा पठाउनुभयो । परमेश्वरको हामि प्रतिको यस्तो प्रेमलाई हामी को सँग तुलना गर्न सक्छौँ ?

## येशू कसरी मृत्युमाथि विजय हुनुभयो ? पुनरूत्थान के हो ?

प्रभ येशू खीष्टले आफैलाई क्रूसमा हाम्रो पापहरूको क्षमा गर्न र धुनका निम्ति बलिदानको रूपमा सुम्पनुभयो । उहाँ हाम्रो सट्टामा मर्नुभयो र गाडिनुभयो । उहाँले मृत्युलाई जित्नुभयो र तेस्रो दिनमा फेरी बिउँताउनुभयो, यसैलाई पुनरूत्थान भनिन्छ ।

उहाँको पुनरूत्थान पछि, उहाँ आफ्ना चेलाहरूसँग चालिस दिनसम्म रहनुभयो अनि उहाँ स्वर्गमा उचालिनुभयो । उहाँ आफ्नो महिमामा फेरी यस पृथ्वीमा आउनुहुनेछ ।

येशू हाम्रो मुक्तिदाता हुनुहुन्छ । जसले उहाँको पवित्र नाउँको पुकारा गर्छन, उनीहरू बचाईने छन ।

## येशूको बारेमा कुनचाहिँ कुरा विषेश छ ? येशूको कुन कुरा अद्धितिय छ ?

येशू खीष्ट परमेश्वरको पुत्र हुनुहुन्छ । येशू खीष्टका धेरै कुराहरू अद्धितिय छन । येशू यस संसारमा हामीहरूका माभmमा रहनका निम्ति र कसरी ईश्वरीय जीवन जीउँने भन्ने कुरा बताउन आउनुभयो । उहा कन्या मरियमको कोखबाट जन्म लिनुभयो र गाईको डुँडमा पस्रनुभयो । जसै उहाँ परमेश्वर हुनुहुन्थ्यो, यस संसारमा हुँदा उहाँले आफ्नो सुखविलाशका लागि संसारका सबै असल धनहरू रोज्न सक्नुहुन्थ्यो । तर उहाँले साधारण मानिसलेभmैँ नम्र जीवन रोज्नुभयो किनकि उहाँ हामीमाभm वास गर्न चाहनुहुन्थ्यो ।

स्वर्गदूतहरूले उहाँको जन्ममा गीत गाए र रमाहट मनाए । उहाँलाई आदर गर्न एउटा विशेष ताराको उदय भयो र धेरै टाढाबाट ज्योतीषिहरू उहाँको दर्शनको लागि आए ।

उहाँले पाप र परिक्षाहरूलाई कसरी इन्कार गर्ने भन्ने कुरा हामीलाई देखाउनुभयो र ईश्वरीय जीवन जीउँनुभयो । हामीलाई पाप र मृत्युबाट सधैंको लागि छुट्कारा दिन उहाँ क्रूसमा हाम्रा लागि मर्नुभयो । तपाईंले कहाँ कुन ईश्वरका बारेमा सुन्नुभएको छ, जो हाम्रो लागि हामीलाई बचाउन र हामीलाई उहाँको सामु ल्याउनका लागि मर्नुभयो भन्ने जहाँ हामी सधैं उहासँगै रहनेछौँ ।

येशूको हामीप्रतिको चाह र उहाँको क्रूसको मृत्युले परमेश्वर हाम्रा स्वर्गीय पिताको हामीप्रतिको प्रेम देखाउँदछ ।

येशूको मृत्युको तेस्रो दिनमा भएको पुनरुत्थानले मृत्युमाथिको विजयको प्रमाण दिँदछ । उहाँ हाम्रा सबै प्रश्नको उत्तर हुनुहुन्छ । अथवा या भनौं कि उहाँ मात्र हाम्रो उत्तर हुनुहुन्छ । उहाँ हाम्रो

चंगाईकर्ता, उपलब्धकर्ता, हाम्रो रक्षक, हाम्रो मालिक, हाम्रो मित्र, हाम्रो अगुवा, हाम्रो दाई, हाम्रो राजा, हाम्रो प्रभु, र अन्य थुप्रै जो व्याख्या नै गर्न नसिकिने हुनुहुन्छ ।

मानिसहरू आफ्ना ईश्वरका अघि असल थोकहरू भेटीको रूपमा ल्याउने गर्दछन । येशूले यस्ता कुनैपनि खालका भेटीहरू चाहनुहुन्न । तर उहाँले हाम्रा टुटेका हृदयहरू, हाम्रा समस्याहरू, हाम्रा विमारीहरू, हाम्रा दुखहरू चाहनुहुन्छ ताकि उहाँको अनुग्रह, कृपा र प्रेमद्वारा ती सबैलाई हामीबाट टाढा राख्न सकेको होस ।

## येशूको रगतको बारेमा के विषेशता छ ? किन मानिसहरू उहाँको रगतको चर्चा गर्छन ?

येशूको रगतको एक महत्वपूर्ण विषेशता रहेको छ । जब कोही एक जनाले येशू जो परमेश्वरको पुत्र हुनुहुन्छ, उहाँमाथि विश्वास गर्छ र उहाँलाई आफ्ना जीवनको मुक्तिदाता भनी ग्रहण गर्छ, खीष्टका रगतले सब पापहरू धुदँछ र अनन्तका मृत्युबाट बचाउँदछ । मोशाको व्यवस्था (प्राचिन पुरानो करारका समय) मा, वर्षको एक पटक पुजाहारीले मानिसहरूको क्षमाका लागि जनावरको रगत लिएर मन्दिरको बेदीमा चढाउँनु पर्दथ्यो । यस्तो रगतको बलिदान हरेक वर्ष गर्नुपर्थ्यो । व्यवस्था अनुसार रगतको बलिदान बिना पापको क्षमा हुँदैन थियो ।

येशूको प्रेम, बलिदान र क्रूसको रगतले सधैंको लागि हाम्रा पापहरूबाट छुटकारा दिँदछ र सबैको लागि पनि । जब हामी उहाँमा विश्वास गर्छौं, हामीले हाम्रो पाप स्वीकार गर्छौं अनि पश्चाताप गर्छौं, तब उहाँले हामीलाई क्षमा गर्नुहुन्छ, उहाँको अमूल्य रगतले

हाम्रा पापहरू धुनुहुन्छ तब हामी सधैंको लागि बचाईएका छौँ ।

“येशूको रगत” भन्ने शब्दले येशूको क्रूसको बलिदानिक मृत्यु र हाम्रा सट्टामा उहाँले गर्नुभएको महान कार्य भन्ने जनाउँछ । येशूले तपाइँ, म र सबैको लागि रगत बहाउनुभयो र मर्नुभयो । हामी पापी थियौँ तर जब हामीले येशूलाई आफ्नो मुक्तिदाता भनी स्वीकार गऱ्यौँ तब हामीले छुटकारा पाएका छौं ।

येशूको रगतले हामीलाई सबैखाले खतराहरूबाट बचाउनुहुन्छ ।

## यदि कसैले येशूकोसाथमा अरू देवताहरूको नाउँमा पनि प्रार्थना गर्दछ भने येशूले कस्तो विचार गर्नुहुन्छ ? येशूले कस्तो अनुभव गर्नुहुन्छ ?

यदि तपाइँले माया गर्नुभएको मान्छेले तपाइँले चाहेजस्तो गरी तपाइँलाइँ माया गरेन भने तपाइँलाई कस्तो लाग्छ ? पक्कै पनि तपाइँलाई दुःख लाग्छ । तर पनि तपाइँले त्यस मानिसलाई अझै प्रेम गर्नु हुनेछ र आशामा पर्खनुहुनेछ ।

त्यसरी नै, यदि हामीले पनि हाम्रो जीवनमा उहाँलाई दिनुपर्ने पहिलो स्थान दिएनौँ भने उहाँ दुःखित हुनुहुन्छ । तापनि उहाँले हाम्रो विचार र हृदय बुझ्नुहुन्छ । यदि कसैले परमेश्वरलाई प्रेम गर्दैन र आफ्नो जीवनमा उहाँलाई दिनुपर्ने पहिला स्थान दिदैंन भने पनि येशूले हामीलाई धैर्यसाथ पर्खनुहुन्छ कि एक दिन सबैले सत्य जान्नेछन र सत्यले हामीलाई स्वतन्त्र गराउँदछ ।

एक दिन हामी उहाँको प्रेमले परमेश्वरसँग एक हुनेछौ भनी येशूले धैर्यसाथ पर्खनुहुन्छ ।

## येशूको क्रूसको काँटी र उहाँको दुःखमा हामीले कसरी उहाँको आराधना गर्ने ? यो अति दुखदयी र मर्माहत छ ।

क्रूसले हामीलाई उहाँको प्रेमको सम्झना गराउँदछ, उहाँले कसरी हाम्रा पापको लागि क्रूसमा मर्नको लागि आफ्नो एकमात्र पुत्रलाई यस संसारमा पठाउनुभयो जसले हामीलाई सब पाप, बिमारी र मृत्युबाट छुटकारा दिँदछ । क्रूसको अर्थ असल समाचार हो, जो परमेश्वरले हामीलाई प्रेम गर्नुहुन्छ र जब हामीले उहाँलाई हाम्रो व्यक्तिगत मुक्तिदाता भनी स्वीकार गर्छौं तब हामी उहाँसँग सदैव रहन सक्छौं । क्रूसले आशा र प्रेम जनाउँदछ । जब हामी क्रूस तर्फ हेर्दछौं, तब हामीले क्रूसको साँचो अर्थ जान्दछौं र क्रूसमा येशूको महत्व बुझ्दछौं ।

हामीले यो पनि आफ्नो मनमा राख्नुपर्छ कि येशू ख्रीष्ट पुनरुत्थान हुनुभयो र मृत्युमाथि विजयी हुनुभयो । उहाँ हाम्रो प्रेमिलो परमेश्वर हुनुहुन्छ ।

## ख्रीष्टियानहरूले पश्चिमी संस्कृतीलाई अपनाएका छन । के म पनि येशू ख्रीष्टलाई विश्वास गरेपछि त्यस्तै बन्नुपर्छ ?

रूपान्तरण भनेको हृदयमा हुन्छ र विचारमा हुन्छ । येशूलाई विश्वासगर्नु भन्नुको अर्थ बाहिरी परिवर्तन होईन । जब कसैले येशूलाई विश्वास गर्छ र प्रार्थनामा येशूसँग एकान्त समय विताउने गर्छ, पवित्र आत्माले कसरी परमेश्वरमा नजिक आउने भन्ने कुरामा अगुवाइ गर्नुहुन्छ ।

कोहि-कोहि मानिसले नयाँ संस्कृती वा नयाँ समुदाय अपनाउन पनि सक्छन तर यो अनिवार्य होईन । हाम्रो हृदय र मन चाहिँ परमेश्वरको लागि संसारिक कुराहरू भन्दा महत्वपूर्णछन ।

## म येशूमा विश्वास गर्छु । मेरो जीवनशैली परिवर्तन गर्ने कुनै त्यस्तो कुरा छ र ?

हो छ, तर तपाईंले आफैलाई जीवनशैली परिवर्तन गर्नको लागि जबरजस्ती भने गर्नुहुँदैन । एकपटक तपाईंले येशूलाई आफ्नो व्यक्तिगत मुक्तिदाता भनी स्वीकार गरेपछि, तपाईंको आफ्नो हृदय, मन, आत्मा र समय उहाँमा समर्पण गर्नुपर्दछ । उहाँको उपस्थितिमा उहाँसँग एकान्तमा समय विताउनु र प्रार्थनामा समय विताउनुपर्छ । जब तपाईंले यो कुराको विकास गर्नुहुन्छ, पवित्र आत्माले तपाईंलाई परमेश्वरसँगको गहिरो र अझ व्यक्तिगत सम्बन्धको विकासगर्न अगुवाई गर्नु हुन्छ ।

## के इसाईहरूले चर्चमा रक्सी पिउँदछन ?

अँहँ, पिउँदैनन् । यो एउटा ख्रीष्टियानहरू प्रतिको गलत धारणा हो । मण्डलीको आराधना सेवामा भाग लिने बारेमा चाहि के बुझ्नु पर्छ ? यस बारे कुरा गर्दा, सेवामा ध्यानपूर्वक सुन्नु, धार्मिक कृयाकलापहरू हेर्नु र ती धार्मिक कयाकलापहरूको अर्थ जान्नु हो ।

## मण्डली पमरेश्वरको आराधना गर्ने स्थान हो । उसो भए जो कोही पनि यस आराधना गर्ने स्थानमा जुत्ता लगाएर जान सक्छ त ?

जब हामीले ख्रीष्टलाई हाम्रो मुक्तिदाताको रूपमा स्वीकार गर्दछौं, हामी आफै परमेश्वरका मन्दिर हौं अनि पवित्र आत्मा हामीमा बास गर्नुहुन्छ । महत्वपूर्ण कुरा यो छ कि हामी आफैलाई यो प्रश्न सोधौं कि के हाम्रो बाहिरी शुद्धता भन्दा पनि हाम्रो भित्रि हृदय र मनको शुद्धता छ कि छैन । जब हामी येशूलाई पछयाउछौं, यी सब हाम्रो

हृदय र विचारको मनोवृत्ति मात्र हो ।

साधारणतया, मण्डली भवन भित्र जाँदा जुत्ता खोलिराख्नु पर्दैन । तापनि स-साना शहर र गाउँहरूमा भएका मण्डलीहरूमा भवनलाई सफा राख्नको लागि जुत्ता बाहिर खोलेर जाने गरिन्छ ।

## ख्रीष्टलाई पछ्याउनका लागि मैले के गर्नुपछ ? मैले येशूमा विश्वास गरे पछि मैले के-के कुराहरू त्याग्नुपर्छ ?

येशू परमेश्वरको पुत्र हुनुहुन्छ भनी विश्वास गर्नु र उहाँमा तपाईंको लागि महान योजना छ भनी विश्वासका साथ जानेर सबैकुरा प्रार्थनामा उहाँमा निवेदन गर्नुपर्छ । हृदयमा यो जान्नु पर्छ कि उहाँ हाम्रा परमेश्वर हुनुहुन्छ, हाम्रो चंगाईकर्ता, हाम्रा उद्धारक, हाम्रो मित्र र हामीलाई छुटाउनुहुने परमेश्वर ।

आफ्नो दैनिक जीवनमा अनुशासित भई परमेश्वरको उपस्थितिमा हरेक दिन प्रार्थनामा उहाँसँग समय विताउनुपर्छ । अनि येशूसँग तपाईंको जीवनको हरेक पाईलामा अगुवाइ गर्नको लागि प्रार्थना गर्नुपर्छ। प्रार्थनामा नै सोध्नुहोस कि तपाईंले के-के त्याग्नुपर्छ। पवित्र आत्माको शक्तिमा परमेश्वरको लागि तपाईंको जीवन रूपान्तरित हुनको लागि प्रार्थनमा अगुवाइ पनि खोज्नुहोस ।

तपाईंले आफ्नो जीवनशैली अनुसारको खाना, लुगा, घर, संस्कृती वा अन्य यस्तै कुनै पनि थोक त्याग्नु पर्दैन । मात्र तपाईंको हृदय र विचारका भित्री रूपान्तरणमा जोड दिनुहोस र येशूलाई बाटो देखाउनका लागि आग्रह गर्नुहोस ।

## येशूलाई विश्वास गरेपछि मैल के-के धार्मिक विधिहरूको पालना गर्नुपर्छ ?

परमेश्वरसँगको हाम्रो घनिष्ट सम्बन्धको लागि जुन कुरा महत्वपूर्ण छ त्यो चाहिँ आवश्यक छ । धार्मिक विधिहरू त द्वितीय कुरा हुन् । परमेश्वर हाम्रो खाँचोहरू जान्नुहुन्छ । अनुशासित भई हरेक दिन परमेश्वरको उपस्थितिमा उहाँसँग समय विताउने र प्रार्थनामा सयम बिताउनुहोस । त्यस्तो कुनै निर्धिष्ट खाका छैन प्रार्थना गर्दा गर्नैपर्छ भन्ने । जसै तपाइँ परमेश्वरको उपस्थितिमा समय विताउन थाल्नुहुन्छ, तब उहाँले तपाइँलाई डोऱ्याउनुहुन्छ र उहाँसँगको यो यात्रामा तपाइँ आनन्दित हुनुहुनेछ ।

यदि तपाइँसँग त्यस्ता कुनै प्रश्न भए येशूलाई पछयाउने अन्य व्यक्तिहरूसँग पनि छलफल गर्न सक्नुहुनेछ ।

## के मण्डली जानु आवश्यक छ ?

परमेश्वरले तपाइँलाई प्रेम गर्नुहुन्छ । के तपाइँ पनि परमेश्वरलाई प्रेम गर्नुहुन्छ ? के तपाइँ आफ्नो आत्मिकी यात्रामा भईरहेको प्रगतीमा परमेश्वरलाई अझ धेरै जान्नका लागि खुशी र सन्तुष्ट हुनुहुन्छ ?

अथवा तपाइँ अझ धेरै उहाँलाई जान्न र उहाँलाई प्रेम गर्न चाहनुहुन्छ ? के तपाइँ उहाँको नजिक आउन चाहनुहुन्छ र उहाँका अनुग्रह र आशिषको अनुभव गर्न चाहनुहुन्छ ?

तपाइँ मण्डलीमा धार्मिक विधि पालन गर्नका लागि मात्र नजानुहोस् । परमेश्वरको प्रेमको लागि मण्डली जानुहोस, परमेश्वरसँगको व्यक्तिगत सम्बन्धको लागि । एकपटक तपाइँले परमेश्वरको प्रेमलाई अनुभव गर्नुभए पछि परमेश्वरलाई तपाइँको जीवनलाई अगुवाइ गर्न दिनुहोस र उहासँग हिँड्नका लागि पनि ।

## मूर्तिपूजा के हो ?

यदि परमेश्वरलाई भन्दा बढि अरू कुनै कुराको चाह गरिन्छ वा कुनै कुराको आराधना गरिन्छ भने त्यो नै मूर्तिपूजा हो ।

कसैले कुनै मूर्तिलाई परमेश्वर भनी पुज्ने गर्दछन वा कसैले कुनै प्रख्यात व्यक्तिका अरू कुनै थोकको भन्दा धैरै प्रशंसा गर्छन । कसैले पैसालाई कुनै अरू थोकभन्दा धेरै माया गर्छन । यी सब मूर्तिपूजाका उदाहरणहरू हुन । हामी परमेश्वरलाई आराधना गर्न र उहाँलाई प्रेम गर्न सृजिएकाहरू हौं, जो स्वर्ग र पृथ्वीका सृष्टीकर्ता हुनुहुन्छ । उहाँ हाम्रो प्रेमिलो पिता हुनुहन्छ र हामी उहाँका छोराछोरीहरू हौं । कुनैपनि थोक वा कुनैपनि कुराभन्दा हाम्रो जीवनमा उहाँलाई प्रथम स्थान दिईनु पर्दछ ।

## किन मानिसहरू मूर्तिलाई पुज्छन ? के मानिसहरूले मूर्तिलाई पुज्न वा प्रार्थना गर्नु हुँदैन ?

प्रायजसो मानिसहरूले आफूभन्दा ठूलाले गरेको वा अरूले गरेको देखेर सिक्ने गर्दछन । सधैंजसो मानिसहरूले धार्मिक कुराहरूमा प्रश्न गर्दैनन् र कुनै धार्मिक कृयाकलापका पछाडिको ध्येय बुझ्न खोज्दैनन ।

यस्ता धेरै मानिसहरू छन, जसमा गलत विश्वास रहेको पाईन्छ जसले मूर्तिहरू र शालिकहरूलाई परमेश्वर भन्ने ठान्दछन र ती मानिसहरूले आफ्नो जीवनको अन्त्यसम्मै तीनै मूर्तिहरूलाई प्रार्थना गर्ने गर्दछन ।

एकपटक हामीले यो के गर्दैछौं र किन गर्दछौं भन्ने कुरामा चासो राख्यौं भने हामीले सत्यलाई खोज्ने काम गरेका हुन्छौं । वास्तविक

सत्य चाहिँ परमेश्वरमा छ । जब हामीले हाम्रा सारा हृदयले परमेश्वरको सत्यलाई खोज्छौं, परमेश्वर आफैले हामीलाई सत्य प्रकट गर्नुहुनेछ र उहाँको प्रेमले भर्नुहुनेछ जुन सत्यले हामीलाई स्वतन्त्र गराउँदछ ।

## धेरै मानिसहरूले सूर्य, चन्द्रमा, ताराहरू, ग्रहहरू र प्रकृतिको आराधना गर्दछन । के यसरी प्रकृतिको आराधना गर्नु गलत हो ?

परमेश्वरले स्वर्ग र पृथ्वी सृष्टी गर्नुभयो । परमेश्वरले स्वर्ग र पृथ्वीमा भएका यावथ थोकहरू सृष्टी गर्नुभयो । प्रकृति, सुर्य, चन्द्रमा, ताराहरू र ग्रहहरू सबै उहाँका सृष्टी हुन । मानिसले सृष्टीको आराधना गर्नु की सृष्टीकर्ताको ?

कसै-कसैले यस्तो विचार गर्छन कि सुर्य, चन्द्रमा, तारा र ग्रहहरू परमेश्वरका हुन र परमेश्वर तिनीहरूमा वास गर्नुहुन्छ। हामीले किन सृष्टीकर्ता जो हाम्रो प्रेमिलो परमेश्वर हुनुहुन्छ, उहाँमा नै केन्द्रित नहुने त ? हामीले किन हाम्रा प्रेमिलो स्वर्गीय पिता को आराधना नगर्ने जसले हामीलाई बनाउनुभयो, हामीलाई प्रेम गर्नुभयो र हाम्रा प्रेमको पनि आशा गर्नुहुन्छ ?

## कोही ख्रीष्टियानहरू सधैं पापका बारेमा मात्र कुरा गर्दछन् । तिनीहरू दुःखी मानिसहरू हुन । किन पापका बारेमा छलफल गर्नुपर्छ ?

परमेश्वरले हामीलाई उहाँको स्वरूपमा सृजनुभयो तर पापले हामीलाई परमेश्वरबाट अलग गर्‍यो । उहाँमा हामीलाई नजिक तान्नका लागि परमेश्वरले उहाँको पुत्र येशू ख्रीष्टलाई हाम्रा पापका लागि बलिदान स्वरूप क्रुसमा मर्नकालागि पठाउनुभयो । यदि

हामीले येशू जो परमेश्वरका पुत्र र हाम्रा मुक्तिदाता र प्रभ हुनुहन्छ, उहि येशू प्रभुको बलिदानिक मृत्यु र उहाँको पुनरूत्थानद्वारा हामी अनन्तका मृत्युबाट बचाईएका छौँ ।

जसले यो सत्यलाई जान्दछ, अरूलाई पनि यो सत्य बताउनका लागि उत्सुक हुँदछ जोहरू पनि बचाईन सकेका होऊन । त्यसैले धेरै मानिसहरूले पापका बारेमा कुरा गर्दछन, पापका परिणामहरू र पापबाट बचाईने उपायहरूको बारेमा पनि ।

## सबै मानिस पापी हुँदैनन् । हामी कसरी भन्न सक्छौँ र सबैजना जन्मदा नै पापी हुन्छ भनेर ?

आदम र हव्वा, परमेश्वरले उहाँको आफ्नै स्वरूपमा सृजनुभएको पहिलो मानव, जसले परमेश्वरको आज्ञा भंग गरे अनि उसद्वारा नै पृथ्वीमा पापका प्रवेश भयो ।

बाल्यकालदेखि नै हामीलाई यो सिकाईयो कि हामीले सधैँ अरूको वास्ता गर्नुपर्छ । आफ्नो लागि मात्र कुनै थोक साँच्नु र अरूसँग बाँडचुँड नर्गनु भनेको चाहिँ स्वार्थी र लोभी हुनु हो जुन गलत कुरा हो ।

के तपाईंले साना बालकहरूको अवलोकन गर्नुभएको छ ? जब तपाईंले कुनै बालकलाई एउटा खेलौना दिनुहुन्छ, उसले त्यसलाई निकै बलियो गरी समात्छ । अनि जब तपाईंले त्यस खेलौनालाई खोस्न खोज्नुहुन्छ, बालकले दिन मान्दैन, उल्टै उसले तान्छ र रून थाल्छ । के यो बालक पनि स्वार्थी भएको होईन र ? कसले यस्तो बानी बालकलाई सिकाउँछ ? कसैले पनि होईन । उसो भए बालकले यो सब कसरी सिक्छ र ? यो एउटा उदाहरण मात्र हो कि पापले

कसरी हामो जिवनमा प्रवेस गर्छ भनेर ।

हामी मध्ये धेरैजना पापको अवधारणा नबुझेर समस्यामा हुन्छौं । कतिपटक हामीलाई हाम्रा आफ्ना कमी कमजोरीहरू स्विकार गर्न गाह्रो हुन्छ । जव हाम्रा विचारहरू गलत हुन्छन, हामी रिसाउँछौं, अरूका डाहा गर्छौं, कामूक हुन्छौं, झुटो बोल्छौं र अरूहरूलाई चित्त दुखाउँछौं यी सव पापका स्वभावहरू हुन् ।

जव हामीले बुझ्छौं यी पापका स्वभावहरू हुन भनेर तव मात्र हामीले त्यसको महसुस गर्दछौं । यदि हामीलेअरूवाट यस्ता कुरा आफुमा पाउँछौं, हामीले क्षमा दिन सक्नु पर्दछ, जसरी परमेश्वरले येशूद्वारा हाम्रा पापहरू क्षमा गर्नुभयो ।

## हामी कसरी पापबाट टाढा रहन सक्छौं ?

जव हामी अधिक समय परमेश्वरमा विताउँछौं तव हामीले के असल वा के खराव हो भन्नेकुरा छुटयाउन सक्छौं । उहाँसँग लामो समय विताएपछि पवित्र आत्माले हामीलाई पापबाट टाढा रहन सहायता गर्दछ । त्यसैले परमेश्वरसँग धेरै समय विताउनु महत्वपुर्ण हुन्छ ।

## म सधैं अरूहरूलाई सहायता र वास्ता गर्छु, म आफुसँग कुनैपनि पापहरू छैनन, मैले किन पापको बारेमा कुरा गर्ने ?

अरूलाई सहायता गर्ने वा भलाई गर्दैमा कसैसँग पाप छैन वा पाप गर्दैन भन्न मिल्दैन । पाप भनेको चोरी, हत्या, डकैती वा त्यस्ता प्रकारका अपराध मात्रै होईन तर जव हामी रिसाउँछौं, डाहा गर्छौं, घमण्ड गर्छौं, झुटो बोल्छौं, कामुक बन्छौं भने हामीले पाप गर्छौं । धेरैपटक हामीलाई हाम्रा साना साना कमीकमजोरी र

असफलताहरू स्विकार गर्न गाह्रो हुन्छ । यसको बारेमा हामी कुरा गर्नपनि रूचाउँदैनौं । परमेश्वरको इच्छा पनि हामी सबै पापबाट स्वतन्त्र हुनुपर्छ भन्ने हो । हामीले हाम्रा पाप,गल्ती कमजोरीहरू उहाँमा स्विकार गऱ्यौं भने येशूको रगतले हाम्रा सबै पापहरू धोएर स्वतन्त्र पार्नुहुन्छ ।

## पाप स्विकार भनेको के हो ? मैल किन पाप स्विकार गर्ने ?

पाप स्विकार गर्नु भनेको आफुले गरेका सबै गल्ती कमजोरी हरूलाई बुझ्रीसकेपछि विगतका कृयाकलापहरू परमेश्वरमा राखी पस्चाताप गर्नु हो । साथै पस्चाताप गरिसके पछि अब देखी उसो पापमय कृयाकलापहरू गर्दिन भनि कठिवद्ध पनि हुनु हो । एक पटक हामिले पाप स्विकार गरिसकेपछि उहाँमा क्षमा माग्नु पर्दछ ।

*परमेश्वरको वचनले हामिलाई प्रतिज्ञा गरेको छ की “यदि हामिले हाम्रा पापहरू स्विकार गऱ्यौं भने, उहाले हामीलाई क्षमा दिनुहुन्छ र शुद्ध तुल्याउनु हुन्छ । ”*

## पश्चाताप के हो ? कसरी पश्चाताप गर्ने ?

पाप स्वीकार बारे थप कुराकानी गर्दा, हामीले विगतमा गरेका गल्तीहरूको र हाम्रा पापहरूको पश्चाताप गरेको परमेश्वर चाहनुहुन्छ । हाम्रा पापमय क्रियाकलापहरूबाट फर्केर उहाँलाई पछ्याएको परमेश्वर चाहनुहुन्छ ।

पश्चाताप भनेको हामीले गरेका गल्ती र पापहरूको बारेमा दुखी हुनु वा पछुतो मान्नु हो । साँचो पश्चातापले हामीमा ती विगतका गल्तीहरूलाई फेरी नदोहोऱ्याउने भावना ल्याउँदछ ।

जब हामी परमेश्वरको सामु हाम्रा गल्तीहरूको क्षमा माग्न जान्छौं,

अझ असल बन्नका लागि हामी उहाँसँग उहाँको शक्तिको पनि माग गर्दछौँ ।

पश्चाताप गर्नु भनेको हामी पूर्णरूपमा परिपक्क हुनु भन्ने होईन । हाम्रा स्वर्गमा बस्नुहुने पिता परमेश्वर यो बुझ्नुहुन्छ कि हामि कुनै समयमा फेरी पछि फिसल्न सक्छौँ । तापनि, जहिले जहिले हामी उहाँमा हाम्रा दुःखी हृदय लिएर जान्छौं र उहाँसँग क्षमादान माग्छौं, तब हामीले क्षमा पनि प्राप्त गर्छौं । यस प्रक्रियामा, परमेश्वरले बिस्तारै बिस्तारै हामीलाई असल अझ असल बन्नका लागि उहाँको आकारमा ढाल्नुहुन्छ। अनि परमेश्वरसँगको हाम्रो सम्बन्ध पनि अझ गहिरो हुँदै जान्छ ।

बाइबलले भन्दछ, जब हामी पश्चाताप गर्छौं र परमेश्वरलाई खोज्छौँ, येशू स्वयंले हामीलाई सहायता गर्नुहुन्छ ।

“मेरा प्यारा छोराछोरीहरू, तिमीहरूले पाप गर्ने छैनौ भनी म तिमीहरूलाई यो लेख्दैछु । तर यदि कसैले पाप गर्छ भने, हाम्रा पक्षमा पिताको सामु बोलिदिने कोहि एक जना हुनुहुन्छ, जो हुन् धार्मिक येशू ख्रीष्ट । उहाँ हाम्रो पापको प्रायश्चित स्वरूपको बलि हुनुहुन्छ, जो हाम्रो पापको लागि मात्र नभई सारा संसारकै लागि पनि ।”

हामीले परमेश्वरको स्वभावबाट सिक्नुपर्छ र उहाँलाई अझ नजिकबाट पछ्याउनुपर्छ । हामी पाप गर्छौं र परमेश्वरसँग क्षमा पनि माग्छौँ । अनि उहाँले हरेक समयमा हामीलाई क्षमा दिनुहुन्छ । त्यसैगरि हामीले पनि अरूलाई क्षमा दिनुपर्छ । बाइबलले हामीलाई यसरी बताउँदछ,

“जसरी परमेश्वरले ख्रीष्टमा तिमीहरूलाई क्षमा गर्नुभयो, त्यसरी

नै एउटाले अर्कालाई क्षमा गरेर तिमीहरू एउटा अर्काप्रति कोमल मनका र दयालु होओ ।”

## परमेश्वरको हातहतियार भनेको के हो ?

परमेश्वरको हातहतियार भनेको आत्मिकि हातहतियार हुन् । दिन दिनैको जीवनमा नकारात्मक शक्तिहरूसँग लड्नका लागि जसमाथि हामी भरपर्न सक्छौं । परमेश्वरको हातहतियार यी नै हुन, मुक्तिको टोप, सत्यताको कम्मर पेटी, धार्मिकताको छातीपाता, मिलाप र सुसमाचारका जुत्ता, विश्वासको ढाल र आत्माको तरवार जुन परमेश्वरको वचन हो ।

हाम्रो दैनिक जीवनमा परमेश्वरको सुरक्षा रहनका लागि परमेश्वरको हातहतियारहरू कसरी धारण गर्ने र प्रार्थना कसरी गर्ने भन्ने बारेमा यस पुस्तको खण्ड ३ मा हेर्न सक्नुहुनेछ। यो प्रार्थना तपाईंको दैनिक जीवनमा हरेक विहान नियमित गर्नुहोस र हरेक विहान परमेश्वरको हातहतियार धारण गर्नुहोस । यस प्रार्थनाले प्रति दिन आईपर्ने आत्मिकी चुनौतीहरूलाई परमेश्वरको बल र शक्तिमा सामना गर्न तयार गर्दछ । परमेश्वरको हातहतियार धारण गर्नाले हाम्रो मन र हृदयलाई नाकारात्मक विचार र संवेगहरूबाट बचाउँदछ साथै आत्मिकी प्रहारहरूमा खडा रहन सक्षम बनाउँदछ ।

## ख्रीष्टमा स्वतन्त्र हुनु भनेको के हो ? ख्रीष्टमा स्वतन्त्रता भनेको के हो ?

यस विषयमा कुरा गर्दा, पहिलो प्रश्न यो आउन सक्छ कि, के बाट स्वतन्त्र हुने ? केहि क्षण तपाईंको जीवनको बारेमा विचार गर्नुहोस । के तपाई तपाईंका जीवनमा भएका यस्ता डर, ईर्ष्या, तिक्तपना,

क्रोध, क्षमा नदिनु, विगतका चोटहरू, कुलत, कामवासना, खराब चरित्र आदिको बारेमा सचेत हुनुहुन्छ ? यस्ता व्यबाहारहरूलाई शुरूमा नै तिरस्कार गरिदिनु नै स्वभाविक प्रवृति हो ।

तथापी, जब हामी वास्तवमै हाम्रो हृदयलाई जाँच्छौं भने हाम्रो जीवनमा सुधार गर्नु पर्ने त्यस्ता क्षेत्रहरू हामीले थाहा गर्न सक्छौं । तर जब हामीले यी सब आफ्नै बलमा गर्न खोज्छौं तब हामी असफल हुन्छौं । अनि हामी प्रश्न गर्छौं, के हामी यस्ता नकारात्मक विचार, क्रियाकलाप र व्यवहारबाट स्वतन्त्र हुन सक्छौं ? येशू मात्र एउटा यस्तो व्यक्ति हुनुहुन्छ जसले हामीलाई स्वतन्त्र गर्न सक्नुहन्छ । येशू भन्नुहुन्छ, “तब तिमीले सत्य के हो सो जान्नेछौ, र सत्यले तिमीलाई स्वतन्त्र तुल्याउनेछ ।”

येशूलाई आफ्नो जीवनको व्यक्तिगत मुक्तिदाता भनी स्वीकार गर्नु, हामीले गरेका पापहरूको स्वीकार र पश्चाताप गर्नु, उहाँको क्षमादानको माग गरी र असल हुनका लागि उहाँसँग माग गर्नु, येशूको क्रूसको मृत्यु र उहाँको पुनरूत्थानले पापबाट स्वतन्त्र भई जीउन सम्भव गराएको छ भनी हाम्रो हृदयमा विश्वास गर्नु, परमेश्वरको उपस्थितिमा समय विताउनु, बाइबल पढाईमा समय विताउनु र प्रार्थनामा समय विताउनुले हामीलाई पापबाट स्वतन्त्र पार्दछ र परमेश्वर तर्फ अगाडि बढ्न अगुवाइ गर्दछ ।

# खण्ड २- परमेश्वर सम्बन्धी कथाहरू

*हाम्रो लागि परमेश्वरको प्रेमका प्रेरणात्मक कथाहरू*

## इमल्दाको कथा- बालकको जस्तो प्रार्थना

ईमल्दासँग कुनै जागिर थिएन र उनलाई कामको सख्त खाँचो थियो । उनले आफ्नो परिवारको वास्ता गर्नु पर्ने थियो । तसर्थ उनलाई कामको र आफ्नो परिवारको हेरचाहको लागि पैसाका अत्यन्त जरूरी थियो । एक रात उनी आफ्नो घरबाट बाहिर गईन र आकाशमा चम्किरहेका तारा तिर हेर्दै उनले प्रार्थना गरिन, "पिता, मलाई एउटा जागिरको खाँचो छ, मलाई सहायता गर्नुहोस ।"

उनले कुनै पनि कम्पनीमा जाँगिरको लागि दरखास्त गरेकि थिईनन् । तथापि अर्को दिन उनलाई दुई ठाउँबाट जागिरको लागि अनुरोध आयो । उनलाई जाँगिरको लागि अनुरोध आफ्ना साथीहरूमार्फत आएको थियो । तब उनले हाम्रो प्रेमिलो स्वर्गिय पिता जसले उनको प्रार्थना सुन्नुभएको र जवाफ पनि दिनुभएको लागि धन्यवाद र प्रशंसा दिईन ।

साँच्चै, हाम्रा प्रेमी स्वर्गिय पिताले हाम्रो हृदय र हाम्रो मनलाई जान्नुहुन्छ । हामी सधैं साना बालकहरू झैं उहाँकहाँ नजिक जान सक्छौं । उहाँले हाम्रो बालकको जस्तो प्रार्थना सुन्नुहुन्छ ।

*उहाँले एउटा बालकलाई नजीक बोलाएर तिनीहरूका माझमा उभ्याउनुभयो र भन्नुभयो, "साँच्चै म तिमीहरूलाई भन्दछु, मन परिवर्तन भएर तिमीहरू साना बालकहरू जस्ता भएनौ भने कहिल्यै स्वर्गको राज्यमा पस्नेछैनौ । जसले यो सानो बालकजस्तै आफूलाई नम्र तुल्याउँछ, त्यही स्वर्गको राज्यमा सबैभन्दा महान हुनेछ ।"*

*मत्ती १८:२-४*

## प्रितिको कथा- माग र तिमीले पाउनेछौ

म एउटा ज्यादै भिडले भरिएको गाडि भित्र मेरो भतिजसँग थिएँ । बस्नको लागि कुनै सिट खाली थिएनन् । तब अचानक, मेरो खुट्टा बाउडियो । मलाई अत्यन्तै दुख्यो र बस्नुपर्ने भयो । तर त्याँहाँ बस्नको लागि कुनै खालि सिट थिएनन् । मैले येशूलाई सहायताको लागि प्रार्थना गरेँ । मेलै प्रार्थना सकाउनु भन्दा अगावै, एकजाना केटी सिटबाट उठेर ढोकातिर ओर्लनको लागि गईन । म त्यहि सिटमा बसेँ र येशूलाई धन्यवाद दिएँ ।

यो त मात्र एउटा घटना हो । म अझै यस्ता धेरै घटनाहरू बाँडन सक्छु । म परमेश्वरलाई धन्यवाद दिन्छु कि हरेक समय जब म येशूलाई प्रार्थना गर्छु, उहाँले मेरा प्रार्थनाको उत्तर दिनुहुन्छ ।

*"माग त तिमीहरूलाई दिइने छ, खोज त तिमीहरूले भेट्टाउनेछौ, ढक्ढक्याओ त तिमीहरूका निम्ति उघारिनेछ । किनकी जसले माग्छ, त्यसले पाउँछ, जसले खोज्छ, त्यसले भेट्टाउँछ, जसले ढक्ढक्याउँछ, त्यसको निम्ति ढोका उघारिने छ । तिमीहरूमध्ये कुन मानिस होला, जसको छोराले रोटी माग्दा त्यसलाई ढुङ्गा देला ? कि माछा माग्दा त्यसलाई साँप देला ? यसकारण तिमीहरू दुष्ट भएर आफ्नाछोराछोरीहरूलाई असल चीज दिन जान्दछौ भने, स्वर्गमा हुनुहुने तिमीहरूका पिताले उहाँसित माग्नेहरूलाई कति बढि गरेर असल चीज दिनुहुनेछ ।"*

*मत्ती ७:७-११*

## पुर्णिमाको कथा-परमेश्वरको लागि कुनैकुरा असम्भव छैन

स्वास्थ्य सम्बन्धी मेरा धेरै समस्याहरू थिए । मैले धेरै रोगहरूको औषधीहरू खानुपर्थ्यो । मेरो स्वास्थ्यको बारेमा म धेरै चिन्तित हुनेगर्दथेँ । मैले मेरो जीवन येशूमा समर्पण गरेकी थिएँ अनि निरन्तर येशूमा प्रार्थना गर्न शुरू गरेँ ।

येशूले मलाई मेरा सब रोग र समस्याहरूबाट चंगाई गरिदिनुभयो र मैले औषधि लिन पनि छोडिदिएँ । केबल यति नै हो की अहिले मैले उच्च रक्तचापको मात्र औषधि लिईरहेकी छु । येशूले मेरो जीवनमा गर्नुभएको उहाँको आश्चर्य कामको लागि म उहाँलाई धन्यवाद र प्रशंसा दिन्छु ।

यस अघि, म प्रायजसो बेलुकीको समयमा अधैर्य र बेचैनी महसुस गर्थें । बेलुकी र रातको समयमा एक्लै बस्ने कल्पना पनि गर्न सक्दिन थिएँ । म अध्यारो देखि डराउँथें । प्रभुले मलाई उहाँको शक्तिले आशिषित पारिदिनुभयो । अहिले म राती अबेरसम्म पनि एक्लै बस्न सक्छु । यदि बेलुकि विद्युत भएन भने म मैन बत्ती बालेर पनि शान्तिसँग बस्न सक्छु ।

परमेश्वरले मलाई मेरो जीवनका धेरै पक्षहरूमा धेरै आशिष दिनुभएको छ । उहाँले मलाई मेरो पेशामा सफलता र प्रशिद्धि पनि दिनुभयो । तसर्थ, सारा आदर र महिमा उहाँकै हुन ।

हरेक दिनको बिहान, म आफैलाई पूर्णरूपमा उहाँमा समर्पण गरी येशूसँग प्रार्थना गरेर मेरा दिनको शुरूवात गर्नेगर्छु । त्यसैगरी हरेक दिन, राती सुत्नु अघि उहाँको आशिषको लागि म उहाँलाई धन्यवाद पनि दिन्छु । जब-जब दिउँसो मेरो फुर्सद हुन्छ, म उहाँलाई सम्झन्छु, उहाँको प्रशंसा गर्छु, उहाँको आशिष, म माथि गर्नुभएको अनुग्रह र मेरा प्रियजनहरूका लागि म उहाँलाई धन्यवाद दिन्छु ।

*"सबै मानव-जातिका परमेश्वर म हुँ । के कुनै कुरा मेरो निम्ति कठिन छ र ?"*

*यर्मिया ३२:२७*

*जसले मलाई शक्ति दिनुहुन्छ, उहाँमा नै म सब कुरा गर्न सक्छु ।*

*फिलिप्पी ४:१३*

## अल्फोन्साको कथा-हाम्रा परमेश्वर जुटाउनुहुने परमेश्वर हुनुहुन्छ, हामीलाई अरू कुनै कुराको खाँचो पर्दैन

एक वर्षको लागि फ्रान्समा काम गर्नको लागि मलाई प्रस्ताव आयो । मैले प्रार्थना गरेँ र उक्त प्रस्तावलाई स्वीकार गरेँ । फ्रान्समा बस्नु ज्यादै कठिन हुने कुरामा मेरा सहकर्मीहरूले मलाई सचेत गराए, कारण त्याहाँका प्रायजसो सबै मानिसहरू अंग्रेजी बुझ्दैनन् र यदि कसैले फ्रेन्च भाषा बोल्दैन भने त्यो चाहिँ प्रत्येक दिन सामना गर्नुपर्ने सबै भन्दा ठूला चुनौती थियो, उनीहरूले मलाई भने । कार्यस्थल पनि त्यति परिचित थिएन । उनीहरूले मलाई यो पनि भने कि त्याहाँ फरक खालको संस्कृति छ र फ्रान्सको त्यस शहरमा त्यति धेरै भारतीयहरू पनि छैनन । यसैले, फ्रान्सको जीवन निराशाजनक र कठिन हुन सक्नेथियो ।

मैले यी सब टीप्पणीहरूलाई येशूसँग प्रार्थनामा राखेँ । परमेश्वरले मेरा हृदयमा त्यो ठाउँ जाहाँ म जाँदैथिएँ र ती मानिसहरू जसलाई मैले भेटनुपर्ने थियो, तिनीहरूका लागि प्रार्थना गर्ने ईच्छा राखी दिनुभयो। तसर्थ केहि महिनामा जब मेरो कार्य सम्बन्धी कागजपत्रहरू तयार हुँदैथियो, मैले निरन्तर त्यस ठाउँको लागि प्रार्थना गरिरहेँ । मैले मेरो भविष्यका सहकर्मीहरू र भविष्यका कार्यथलोका लागि पनि प्रार्थना गरेँ ।

हाम्रो परमेश्वर आफ्नो प्रतिज्ञाहरूमा अति विश्वासयोग्य हुनुहुन्छ । उहाँले मेरो सानो भन्दा सानो खाँचोको पर्वाह गर्नुभयो । मर्सेली (फ्रान्सको एउटा शहर) जाँदै गर्दा, हावाईजहाजमा मैले एउटी फ्रेन्च महिलालाई भेटेँ जो राम्रोसँग अंग्रेजी बोल्दथिईन । उनले मलाई केहि सल्लाह र सुझाव दिईन जुन मेरा निम्ति अति नै सहयोगी भयो । म एयरपोर्टबाट बाहिर निस्केँ र एउटा टयाक्सीमा चढेँ ।

एउटा अर्को खुशीको कुरो, त्यस टयाक्सी ड्राईभर पनि अंग्रेजी

बोल्न सक्थ्यो । तब होटल पुग्नका लागि मलाई सजिलो भयो । फरक-फरक परिस्थिति र फरक-फरक तरिकाबाट परमेश्वरले मलाई डोऱ्याउनुभयो । फ्रान्सको बसाईमा मलाई उहाँले असल मित्रहरू दिनुभएर आशिष दिनुभयो । मैले मेरो कार्यथलोमा र मैले काम गर्दैगर्दा मेरा ग्राहकहरूसँग कुनै पनि किसिमको चुनौतीहरूको सामना गर्नुपरेन । बरू मैले त्यहाँ केहि असल मित्रहरू बनाएँ । मैले एउटा चर्च पनि भेटेँ जहाँ प्रत्येक आईतबार अंग्रेजी भाषामा सेवा हुने गर्दथ्यो । मैले एउटा सानो कोठा पनि पाएँ, जुन मेरा लागि अति नै असल थियो ।

फ्रान्सको काम मेरा लागि चुनौतीपूर्ण हुनुभन्दा मेरो बसाई परमेश्वरको अनुग्रहमा अति नै आशिषमय भयो जुन कुरा म शब्दमा व्याख्या गर्न सक्दिन । मेरो फ्रान्सका ती सुन्दर दिनहरूलाई म सम्भन्छु र फेरी एकपटक त्यस ठाउँमा जाने आशा गर्छु । मैले त्यहाँ धेरै असल साथीहरू बनाएँ । मेरो थप उपलब्धी भनेको परमेश्वरले मलाई धेरै मानिसहरूलाई उहाँको प्रेम बाँड्न एक साधनका रूपमा चलाउनुभयो । यसको लागि म येशूलाई प्रशंसा दिन्छु ।

*मेरा परमेश्वरले आफ्नो महिमामा उहाँको सम्पत्तिअनुसार तिमीहरूका हरेक खाँचो ख्रीष्ट येशूमा पूरा गरिदिनुहुनेछ । अब हामीहरूका परमेश्वर र पितालाई सदासर्वदा महिमा होस । आमिन ।*

*फिलिप्पी ४:१९-२०*

## हिरावतीको कथा- येशूप्रभु हाम्रो चंगाईकर्ता हुनुहुन्छ ।

मेरो श्रीमानसँग म हरेक बिहान हिंड्ने गर्छु । एक आईतबारको विहान जसै म हिँड्दै थिएँ, मैले कमजोर भएको महशुस गरेँ । म

हिँड्नै सकिन । मेरा श्रीमानले मलाई बिस्तारै घरमा लैजानुभयो । अनि म खाटमा पल्टिरहेँ । यस अघि मैले कहिल्यै पनि यस्तो महशुस गरेकी थिईनँ । मलाई थाहा थिएन कि मलाई के भईरहेको थियो भनेर । जसै म खाटमा पल्टिरहेकी थिएँ, तब मैले येशूको बारेमा विचार गरेँ । तब झट्टै मैले सोचेँ कि मेरी छोरी चर्चमा हुनुपर्छ । अनि मैले मेरो मोबाईलफोन उठाएँ र उनलाई एउठा सन्देश लेखि पठाएँ जसमा भने, "मेरो तर्फबाट येशूलाई अभिवादन भन्नु ल अनि मलाई अलि सञ्चो छैन भनेर पनि भन्नु है ।"

एक छिन पछि मेरी छोरीले मलाई फोन गरी र हामी दुवैजना मिलेर मेरो चंगाईको लागि येशूसँग प्रार्थना गऱ्यौँ । येशू हाम्रो लागि क्रूसमा मर्नुभयो र हाम्रा सबै पाप र रोगहरू उहाँले लिनुभयो । जब हामीले प्रार्थना गऱ्यौं, तब हामीले उहाँको प्रतिज्ञालाई दावी गऱ्यौं कि उहाँको चोटहरूद्वारा म निको भएकी छु । मैले मेरो मनमा म निको भएको कल्पना गरेँ । केही मिनेट पछि, मैले आफूलाई बलियो र साधारण भएका महशुस गरेँ ।

उहाँका सबै प्रतिज्ञाहरू सत्य छन, जसको लागि म उहाँलाई प्रशंसा दिन्छु, धन्यवाद दिन्छु ! येशू ! तपाईंले नै मलाई चंगाई दिनुभयो ।

*"हे मेरो प्राण परमप्रभुको प्रशंसा गर, ए मेरो सारा अन्तसकरण, उहाँको पवित्र नाउँको स्तुति गर । हे मेरो प्राण परमप्रभुको प्रशंसा गर, र उहाँका सबै उपकारहरू नबिर्सी, जसले तेरा सबै पापहरू क्षमा गर्नुहुन्छ, र तेरा सबै रोगहरू निको पार्नुहुन्छ, जसले तेरो जीवनलाई मृत-लोकबाट मुक्त गर्नुहुन्छ, र तँलाई करुणा र कृपाका मुकुट लगाईदिनुहन्छ, जसले, तेरा ईच्छाहरू उत्तम कुराले तृप्त गर्नुहन्छ, ताकि तेरो जवानी चीलको जस्तै फेरी नयाँ होस ।"*

*भजनसंग्रह १०३:१-५*

*तर उ त हाम्रा अपराधहरूका निम्ति छेडियो, हाम्रा अधर्मका निम्ति उ पेलियो । हामीमा शान्ति ल्याउने दण्ड उसमाथि पऱ्यो, र उसका कोर्राको चोटले हामी निको भयौं ।*

*यशैया ५३:५*

## अमेलियाको चंगाईको कथा- प्रार्थनामा लगनशीलता

अमेलिया जब सानै थिईन, तब उनको कानमा धेरै पटक संक्रमण भएको थियो । जसको फलस्वरूप कान विषेशज्ञहरूले उनका कानमा तीनवटा नलीहरू राख्नुपरेको थियो । एउटा अन्तिमको नलीले उनका कानको जालीमा प्वाल बनाएको थियो । तथापी, विषेशज्ञहरूले शल्याक्रिया गरेर प्वाल बन्द गर्न सल्लाह पनि दिएका थिए । अमेलियाका अभिभावकले उनको कानको चंगाईका लागि परमेश्वरसँग विश्वासका साथ प्रार्थना गरे । केहि वर्ष पछि उनको कानको संक्रमण बन्द भयो, अमेलियाले आफ्ना कानमा केहि अनौठा आवज आएको महशुस गरिन् । अमेलियाका अभिभावकले प्रार्थना गरे अनि उहाँले अमेलियाको कान निको बनाउदै हुनुहुन्छ भनेर देखाउनुभयो ।

अमेलियाको चिकित्सकसँगको अर्को भेटमा, उनका कान पूर्णरूपमा चंगाई भएको कुरा डाक्टरले घोषण गरेको होस भन्ने आशा राखेका थिए । तर उनीहरूका लागि अचम्मका कुरा, उनका कानको प्वालमा भने परिवर्तन नआएको कुरा डाक्टरले बताए ।

के भईरहेको थियो ? उनका अभिभावकले कानको समस्या निको भएका घोषण गर्दै प्रार्थना गर्न छोडेका थिएनन । त्यसका बावजुद पनि हरेक वर्ष चिकित्सकहरूले बारम्बार उपचार गर्न छोडेनन् ।

चारवर्ष पश्चात, उनीहरू अर्कै कुराको लागि कानको विषेशज्ञकहाँ जानुपर्ने भयो । तीनले अमेलियाका कानको जाँच गरे र उनका

कानजालीमा भएको प्वाल पूर्णरूपमा निको भएका घोषणा गरे ।

हामी प्रायजसो परमेश्वरका प्रतिज्ञा तुरून्तै प्रकट भएको हेर्न चहान्छौँ । तथापी त्यस्ता समयहरूमा परमेश्वरले प्रार्थनामा हाम्रो लगनशीलता चाहनुहुन्छ । अनि यो हाम्रा जिम्मेवारी हो कि परमेश्वरको प्रतिज्ञालाई विश्वासका साथ पक्रि राख्नु ता कि हाम्रो परमेश्वर विश्वासयोग्य हुनुहुन्छ र उहाँले आफ्ना सबै प्रतिज्ञाहरू पूरा गर्नुहुन्छ ।

*सधैँ आनन्दित रहो । निरन्तर प्रार्थना गरिरहो । सब परिस्थितिमा धन्यवाद देओ, किनकि ख्रीष्ट येशूमा तिमीहरूका लागि परमेश्वरका ईच्छा यहि हो ।*

*१थेस्सलोनिकी ५:१६-१८*

*हे परमप्रभु मेरा परमेश्वर, मैले सहायताको निम्ति पुकार गरेँ, अनि तपाईंले मलाई निको पार्नुभयो ।*

*भजनसंग्रह ३०:२*

*अनि उहाँले त्यसलाई भन्नुभयो, “उठ, र आफ्नो बाटो लाग । तिम्रा विश्वासले तिमीलाई निको पारेको छ ।”*

*लूका १७:१९*

## सरस्वतीको कथा-हामीलाई थाहा नभए तापनि पनि हाम्रा परमेश्वरले हाम्रो खाँचोहरू जान्नुहुन्छ ।

*भजनसंग्रह ४२:१*

जसरी हरिणले खोलाको पानीको तिर्सना गर्दछ,

त्यसरी नै, हे परमेश्वर, मेरो प्राणले तपाईंको तिर्सना गर्दछ ।

प्रभुयेशूसँगको मेरो एउटा व्यक्तिगत अनुभव छ कि जब म एउटा ठूलो

विमारीमा थिएँ तब उहाँले मलाई निको पार्नुभयो । त्यसबेलादेखि, म परमेश्वरको प्रेम र उहाँको बाटोको बारेमा बुझ्न आत्मिकीरूपमा तिर्खाएको र भोकाएको थिएँ । एकजाना परामर्शदाता भईदिए हुन्थ्यो भन्ने मेरा हृदयमा ठूला ईच्छा थियो जसले मलाई अझ धेरै परमेश्वरको बारेमा सिकाउँछ र आत्मिकी कुरामा डोऱ्याउछ । मैले प्रभुसँग प्रार्थना गरेँ । मैले केहि मण्डलीका एल्डरहरूलाई पनि खोजेँ तर उहाँहरू प्राय व्यस्त हुनुहुन्थ्यो । मैले एकजना परामर्शदाताको लागि प्रार्थना गरिरहेँ जोसँग म छलफल गर्न, सँगसँगै परमेश्वरलाई आराधना गर्न र सधैँ उहाँको नामलाई उचाल्न सक्छु । त्यससमय मैले बाइबल अध्ययन, प्रार्थना र परमेश्वरको उपस्थितिमा समयहरू विताउन थालेँ । तब परमेश्वरले मलाई विभिन्न तरिकाबाट आशिष दिन थाल्नुभयो । केहि समय पश्चात मैले परामर्शदाताको लागि प्रार्थना छोडेँ । अन्य कुराहरू मेरो प्राथमिकतामा पर्न थाल्यो र मैले अरू नै उद्देश्यहरूको लागि प्रार्थना गर्न थालेँ ।

यसरी नै दुई वर्ष वित्यो । म एउटा खीष्टियान अगुवापन सम्मेलनमा भाग लिई रहेकी थिएँ । मैले एक जना शिक्षिकालाई भेटेँ, उनीसँग कुरा गर्दा उनी पवित्रआत्माद्वारा अभिषित्त भएको जस्तो मलाई भान भयो । म उनीसँग ज्यादै नजिकिएको जस्तो महशुस भयो तर यो के थियो भन्ने कुरा मैले बुझ्न सकिन । उनी कहाँ जाउँ र कुरा गरौँ भन्ने अगुवाइ मलाई पवित्र आत्माले गरिरहेको जस्तो मलाई भान भयो तर मैले गरिनँ । म चुपचाप नै बसेँ ।

उनको कक्षा शुरूभयो र मैले ज्यादै ध्यानमग्न भएर उनले हाम्रा कक्षामा सिकाएका सब कुराहरू सुनी रहेँ । उनले हामीलाई कसरी परमेश्वरमा पर्खने, कसरी परमेश्वरमा नजिक आउने र उहाँको इच्छालाई खोज्ने भन्ने बारेमा सिकाईन । केहि दिन पछि उनको

कक्षा सकियो अनि उनी त्यस ठाउँ छोडेर जान लागेकि थिईन । मलाई पवित्र आत्माले जोडसँग उनीसित कुरागर्नको लागि उत्साहित बनाईरहेको थियो तर म अझ अन्कनाईरहकी थिएँ । म उनलाई छोड्न भ्यानसम्म गएँ र उनी गईन । केहि दिन पछि मेरो यो भावना हट्छ होला भन्ने मैले विचार गरेकी थिएँ तर यसो भएन ।

मैले परमेश्वरसँग प्रार्थना गरेँ । दुई दिन पछि, मैले उनलाई एउटा ई-मेल पठाएँ र उनले पनि ई- मेलको प्रतिक्रिया गरिन् । के उनी मेरा परामर्शदाता बन्नेछिन त ? यस कुरामा म छक्क परेँ । तर मेरा परामर्शदाता बन्ने कुरा म कसरी उनलाई भन्न सक्थेँ ? उनले मलाई त्यति चिन्दिनन । के उनीसँग मेरा लागि समय हुन्छ होला र ? किन उनले आफ्नो समय ममा लगानी गर्ने र ? मैले प्रार्थना गरेँ र अन्त्यमा मैले उनलाई मेरा परामर्शदाता हुनका लागि भनेँ । उनी राजी भईन ।

मैले परमेश्वरलाई प्रशंसा दिएँ ! उहाँ साँच्चै प्रेमिलो परमेश्वर हुनुहुन्छ ! उहाँले मेरो प्रार्थनाको उत्तर दिनुभयो ! समयको अन्तरालसँगै, मैले यस विषयलाई बिर्सेर प्रार्थना गर्नै विर्सेको थिएँ तर परमेश्वरले मेरो प्रार्थनालाई सम्झनुभयो र मेरो प्रार्थनाको जवाफ दिनुभयो । उहाँ अति नै विश्वासयोग्य हुनुहुन्छ । म पारमर्शदाता चाहन्थेँ तर परमेश्वरले मलाई त्यो भन्दा पनि असल कुरा दिनुभयो । उहाँले मलाई यसरी आशिष दिनुभयो कि एक परामर्शदाता, शिक्षक, एक प्रेमिलो दिदी दिनुभयो (मेरा एकजना दाजु हुनुहुन्थ्यो तर कुनै दिदीबहिनी थिएनन्) जसले मलाई सम्भव भएसम्म मेरो वास्ता गर्छिन् । परमेश्वर यो पक्का गरी जान्नुहुन्थ्यो कि जो व्यक्ति उहाँले मेरा लागि नियुक्त गर्नुभएको थियो, उनले मलाई, मेरा पृष्ठभूमी, मेरो कामलाई राम्रोसँग बुझ्छ र मलाई एक व्यक्तिको रूपमा बुझ्छ

र मेरो जीवनका सबै पक्षहरूमा उहाँको अनुग्रह र उहाँको आशिषमा दिशानिर्देश गर्छ । मलाई यस्तो असल र प्यारो दिदी दिनुभएकोमा म परमेश्वरलाई धन्यवाद दिन्छु ।

परमेश्वरले अचम्म तरिकाले काम गर्नुहुन्छ । मैले मेरी दिदी (परामर्शदाता) सँग केहि निश्चित विषयहरूमा छलफल गर्न सक्थेँ र नयाँकुराहरू सिक्न सक्थेँ । केहि दिनमा, परमेश्वरले अरूहरूलाई मकहाँ ल्याउनुभयो, जसले मैले सिकेको कुराहरूबाट फाईदा पाए । परमेश्वरले मलाई एक साधनका रूपमा अरूलाई सहायता गर्न चलाउँनुभयो ।

परमेश्वर तपाईँलाई धन्यवाद, तपाईँको प्रेम महान छ र विश्वसनीय ! म मेरो विश्वासको यात्रामा आनन्दित छु जसलाई मैले हाम्रा विश्वासयोग्य परमेश्वर र मेरी दिदीसँग शुरू गरेँ ।

*“माग त तिमीहरूलाई दिइने छ, खोज त तिमीहरूले भेट्टाउनेछौ, ढक्ढक्याओ त तिमीहरूका निम्ति उघारिनेछ । किनकी जसले माग्छ, त्यसले पाउँछ, जसले खोज्छ, त्यसले भेट्टाउँछ, जसले ढक्ढक्याउँछ, त्यसको निम्ति ढोका उघारिने छ । तिमीहरूमध्ये कुन मानिस होला, जसका छोराले रोटी माग्दा त्यसलाई ढुङ्गा देला ? कि माछा माग्दा त्यसलाई साँप देला ? यसकारण तिमीहरू दुष्ट भएर आफ्ना छोराछोरीहरूलाई असल चीज दिन जान्दछौ भने, स्वर्गमा हुनुहुने तिमीहरूका पिताले उहाँसित माग्नेहरूलाई कति बढि गरेर असल चीज दिनुहुनेछ ।”*

*मत्ती ७:७-११*

*“आफ्नो सारा हृदयले परमेश्वरमा भरोसा राख*

*र तेरो आफ्नै समझशक्तिमा भर नपर*

*आफ्नो सारा मार्गमा उहाँलाई सम्झी,*

*र उहाँले तेरा मार्गहरू सोझा तुल्याइदिनुहुनेछ ।”*

*हितोपदेश ३:५-६*

## परमिताको कथा- हाम्रा परमेश्वर हाम्रो संरक्षक हुनुहुन्छ (भजनसंग्रह ९१ अध्यायको शक्ति)

जब म एउटा बैठकमा थिएँ तब मेरो ल्यापटपमा एउटा सन्देश आयो मेरो बहिनीको । मलाई फोन उठाउन भनिएको थियो कारण मेरी आमाको दुर्घटना भएको रहेछ र उनीहरू अस्पताल तर्फ गईरहेका रहेछन । म बैठक कोठाबाट निस्केर बाल्कोनीमा गएँ र उनलाई फोन गरेँ । मेरो काकाले मेरो बहिनीलाई फोन गरेर भनेका रहेछन कि रूखबाट नरिवल खसेर मेरी आमाको टाउकोमा लागेको रहेछ र उनलाई अस्पताल लगिएको रहेछ । मेरी आमा अर्कै भागको एउटा शहरमा बस्थिन जहाँ हाम्रो घर थियो र म, मेरा भाई र बहिनी हामी चाहि बेङ्गलोरमा बस्थ्यौं जुन हाम्रो घर देखि अलि टाढा थियो । यो घटना सुनेर म केहि बेर निकै तनावमा रहेँ । मैले मेरो काकालाई फोन गरेँ तर सम्पर्क हुन नै सकेन । त्यसपछि मैले काकीलाई फोन गरेँ । उहाँसँग मेरा लागि पनि त्यसभन्दा बढि अरू जानकारी थिएनन् । उहाँ हाम्रो घरमा जान तयारी गर्दै हुनुहुन्थ्यो । उहाँले भन्नुभयो कि उहाँ पुग्नु भएपछि मलाई फोन गर्नुहुनेछ भनेर । म बेचैन भएँ । कसले मलाई पछिल्लो सूचना बताउन सक्छ ? त्यस बेला मेरी आमा कहाँ होलिन र कस्ती होलीन ? मैले फेरी मेरो अर्को काकालाई फोन गर्ने प्रयास गरेँ । तर म केहीबेर रोकिएँ । यो

म के गर्दै थिएँ ? किन म त्यस व्यक्तिकहाँ गईन जससँग मेरा सब प्रश्नको उत्तर छ ? तब मैले येशूलाई प्रार्थना गरेँ ।

प्रत्येक बिहान जब उठ्छु र प्रत्येक बलुकी म सुत्नुभन्दा अघि भजनसंग्रह ९१ पढेर प्रार्थना गर्ने गर्छु । म परमेश्वरको प्रतिज्ञाहरूलाई दावी गर्दै मेरा प्रियजनहरू र मेरा सुरक्षाको लागि प्रार्थना गर्ने गर्छु । मेरो कार्यालयका बालकोनी मा नै उभिएर मैले भजनसग्रह ९१ अनुसार परमेश्वरको प्रतिज्ञालाई दावी गर्दै मेरी आमाका निम्ति प्रार्थना गरेँ । मैले मेरी आमालाई परमेश्वरमा समर्पण गरेँ र मैले उहाँलाई भने कि म उहाँको प्रतिज्ञाहरूमा विश्वास गर्छु । म भित्र मैले शान्तिको महशुस गरेँ । यो शान्ति येशूको थियो । म यस्तो शान्तिको महशुस गरेर अचम्मित थिएँ । मेरी आमालाई अस्पताल लगिँदै थियो । म कसरी यसरी शान्तिसँग बस्न सक्छु ? तर अचम्म मान्नुपर्ने कुरा छैन कारण खीष्टको शान्ति मानिसको समझ भन्दा अत्यन्तै अगल छ । मैले मेरी बहिनीलाई फोन गरेँ र आमा ठीकै हुनुहुन्छ कि भनी फेरी पक्का गरेँ । मैले बहिनीलाई भने की आमासँग येशू हुनुहुन्छ । त्यसपछि म फेरि बैठकमा फर्किएँ ।

बैठक सकिए पछि मैले मेरो काकालाई फोन गरेँ जसले मेरी आमालाई अस्पताल लैजानुभएको थियो । मैले काकासँग कुरा गरे पछि आमासँग पनि कुरा गरेँ । मेरी आमा ठीकै हुनुभएको जस्तो सुनिन्थ्यो र केही विश्वस्त भएको र केही अस्थिर पनि लाग्नुहुन्थ्यो । डाक्टरले उहाँको टाउकोको स्क्यान गर्ने सल्लाह दिए र स्क्यानको रिपोर्ट साँझसम्म आउने आशा थियो ।

मैले फेरी साँझ स्क्यानको रिपोर्ट बुझ्नका लागि फोन गरेँ । परमेश्वरलाई प्रशंसा होस ! येशूलाई धन्यवाद होस ! कुनै एउटा पनि चोटको संकेत देखिएन । नरिवल झरेर मेरी आमाका टाउकोमा

लागे तापनि कुनै चोट लागेन । त्यस रात मेरी आमाले दुखाई कम गर्ने औषधीमात्र लिनु पर्‍यो कारण अलि कति टुटुल्को मात्र उठेको थियो  र अर्को एक थरीको औषधी मात्र दिईएको थियो ।

पछि मेरी आमाले हामीलाई बाँड्नुभयो कि जब उहाँलाई अस्पताल लगिइँदै थियो, उहाँले येशूलाई सुरक्षाको लागि बोलाईरहनु भएको थियो र नरिवल खसेर टाउकोमा लागेको घटनादेखि आमाका स्पोनडिलाईटिस भन्ने पहिलाका ढाड दुख्ने रोग पनि हराएको थाहा पाईन । नरिवलको हिर्काईको असरलाई परमेश्वरले आशिषमा बदल्नुभयो । परमेश्वरलाई प्रशंसा होस !

भजनसंग्रह ९१, हाम्रो लागि सुरक्षाको एक शक्तिशाली परमेश्वरको प्रतिज्ञा हो । म भजनसंग्रह ९१ अनुसार हरेक बिहान र हरेक राती प्रार्थना गर्ने गर्छु । यहि भजनसंग्रह ९१ अनुसार प्रार्थना गर्ने धेरै मानिसहरू छन जसले परमेश्वरको सुरक्षा प्राप्त गरेको गवाही बाँडन सक्छन । अनि म प्रार्थना गर्छु कि भजनसंग्रह ९१ को परमेश्वरको शक्ति र प्रतिज्ञा सारा राष्ट्र र संसराको प्रत्येक भागमा पुग्नेछ ।

*यदि तिमीले सर्वोच्च प्रभुलाई आफ्नो वासस्थान बनायौ भने,*

*परमप्रभुलाई, जो मेरो शरणस्थान हुनुहुन्छ, तिम्रा कुनै अनिष्ट हुनेछैन,*

*तिम्रो घरको नजीक कुन विपत्ति आउनेछैन ।*

*किनकी उहाँले आफ्ना स्वर्गदूतहरूलाई,*

*तिम्रा सबै मार्गमा रक्षा गर्नलाई आज्ञा दिनुहुनेछ । तिनीहरूले तिमीलाई आफ्ना हात-हात थाम्नेछन, नत्रता तिम्रा खुट्टा ढुङ्गामा ठोकिनेछन ।*

*तिमीले सिंह र गोमनलाई कुल्चनेछौं,*

*जवान सिंह र सर्पलाई तिमीले पैतालामुनि लतार्नेछौ ।*

*भजनसंग्रह ९१:९-१३*

*त्यसले मेरो पुकार गर्नेछ, र म त्यसलाई उत्तर दिनेछु ।*

*त्यसको दुःखका घडीमा म त्यससँग हुनेछु,*

*म त्यसलाई उत्तर दिनेछु, र आदर गर्नेछु ।*

*लामो आयु दिएर म त्यसलाई सन्तुष्ट तुल्याउनेछु,*

*र त्यसलाई म उद्धारका दर्शन दिनेछु ।*

*भजनसंग्रह ९१:१५-१६*

## अमितेसको कथा-परमेश्वरको ज्ञानमा भरोसा राख्नु

मैले एम.बी.एको पढाइ सकाएर बेङ्गलोरमा एउटा जागिर खोज्ने निर्णय गरेँ । म बेङ्गलोर पुगेर जाँगिर खोज्न थालेँ । मैले केहि कम्पनीहरूमा दरखास्त पनि दिएँ । केहि हप्ता मैले यसरी नै जागिर खोज्ने प्रयासमा सक्दो लागि रहेँ तर कतैबाट एउटा पनि जागिरको प्रस्ताव आएन । मलाई दिक्क लाग्न थाल्यो र निराश पनि भएँ । मैले मेरो घरलाई सम्झन थालेँ । मैले मेरी आमासँग कुरा गरेँ, उनले पनि मलाई सम्झिरहेकी थिईन । उनले मलाई जागिर खोज्ने कामलाई केही समय थाँती राखेर केहि दिनको लागि घर आउन भनिन । मैले प्लेनको टिकट रोक्न लागएँ । मैले मेरा सामानहरू बाँधेँ र घर जानका लागि तयारी भएँ । ती दिनहरूमा म बेङ्गलोरमा भएका मेरा एकजना साथी कहाँ बस्दै थिएँ । जसै म मेरो साथीको घरबाट निस्कनै लागेको थिएँ, एउटा कम्पनीबाट मलाई फोन आयो । उनीहरूले मलाई अर्को दिन अन्तरवार्ताको लागि बोएका थिए । मैले उनीहरूलाई म घरबाट फर्केपछि आउछु भनेर अनुरोध गरेँ । उनीहरूले अर्को दिन सबैको अन्तरवार्ता लिन लागेका रहेछन र छनौट भए तुरून्तै काममा लागि हाल्नुपर्ने कुरा बताए । यदि म अर्को दिन अन्तरवार्ताको लागि उनीहरूलाई भेटिन भने मैले यो मौका गुमाउँने कुरा उनीहरूले मलाई बताए ।

त्यसैले मैले एउटा निर्णय गर्नुपर्ने थियो कि या त म घर जानु पर्थ्यो या घरतिरको यात्रा रद्द गरेर जागिरको लागि अन्तरवार्तामा जानु पर्थ्यो ।

यो कामको अन्तरवार्ता चाहिँ सम्पर्क केन्द्र (कल सेन्टर) को लागि थियो जसमा रातीको समयमा काम गर्नुपर्ने थियो । मैले हप्तौंदेखि जाँगिर खोज्ने प्रयास गरिरहेको थिएँ, म काम गर्न र

कमाउन चाहान्थेँ । यदि मैले मेरो यात्रालाई रद्द गरेँ भने मैले मेरा अभिभावकलाई भेटन सक्ने थिइँन । मेरी आमाले मलाई अत्न्तै सम्भिरहेकी छिन भन्ने मलाई थाहा थियो । मैले के गर्नुपछ भन्ने नै मलाई थाहा भएन । एक हातमा मेरो पेशा र जागिर थियो भने अर्को चाहिँ यतिका लामो समयपछि मैले मेरा अभिभावकलाई भेटनु थियो । मलाई थाहा थियो कि उनीहरू पनि मलाई भेटन उतिकै उत्सुक छन, साथै मैले राम्रो जागिर पाएर काम गरेको पनि उनीहरू चहान्छन । म के गरूँ भन्ने कुरै मलाई थाहा भएन ।

मैले मेरी दिदीलाई फोन गरेँ र उनलाई मेरो अवस्था बताएँ । म कहाँ छु भनेर उनले मलाई सोधिन । अनि मैले भने म साथीको घरको ढोकामा छु र घरजानका लागि हिँडनै लागेको छु । एउटा खुट्टामा जुत्ता थियो र अर्को जुत्ता मेरो हातमा थियो । अनि अर्को हातमा फोन थियो जुन बेला म दिदीसँग कुरा गर्दै थिएँ । मैले जान्न सकिन कि म भित्र पसुँ वा अर्को जुत्ता लगाएर बाहिर निस्कुँ ।

अनि मेरी दिदीले बाइबलका केहि प्रतिज्ञाहरू मलाई दिईन र कसरी येशूसँग प्रार्थना गर्ने भनेर भनिन् ।

*आफ्नो सारा हृदयले परमेश्वरमा भरोसा राख,*

*र तेरो समभ्फशक्तिमा भर नपर*

*आफ्ना सारा मार्गमा उहाँलाई सम्भी,*

*र उहाँले तेरा मार्गहरू सोभ्फा तुल्याइदिनुहुनेछ ।*

*हितोपदेश ३:५-६*

एउटा शान्त ठाउँमा गएर येशूप्रभुसँग हितोपदेश ३:५-६ प्रयोग गर्दै

प्रार्थना गर्न भनिन । मेरा अवस्थालाई येशूको अघि समर्पण गर्न र उहाँको अगुवाइ खोज्नका लागि उनले मलाई भनिन । अनि म थचक्क बसेँ, आँखा चिम्लिएँ र उनले मलाई दिएको बाइबलको पद प्रयोग गरेर येशूप्रभुसँग मैले प्रार्थना गरेँ । मेलै येशूलाई भने कि म उहाँको ज्ञान माथि भरोसा गर्छु । मैले मेरो अवस्था येशूमा समर्पण गरेँ र मलाई दिशानिर्देश गर्नका लागि भने । एउटा सुमधुर आवाजमा मलाई भन्यो, "घर जाऊ" । तब अचानक मैले शान्तिको महशुस गरेँ ।

मैले घर जाने निर्णय गरेँ । मलाई थाहा छ कि धेरै मानिसले यो विचार गर्छन होला कि मैले गलत निर्णय गरेँ कि मेरो पहिलो प्राथमिकता चाहिँ जागिर हुनुपर्थ्यो । तर म शान्तिमा थिएँ किनकी मलाई थाहा थियो कि मैले परमेश्वरको निर्देशनलाई पालन गरेको थिएँ । अनि म घर गएँ र मैले मेरा अभिभावक र साथीहरूसँग असल समय बिताएँ । चाँडै मलाई तीनवटा अर्को कम्पनीहरूबाट जागिरका लागि प्रस्ताव आयो । फेरी मलाई कुन चाहिँ छनौट गरूँ भन्ने अलमल पऱ्यो कारण मैले धेरैबाट एउटा छान्नुपरेको थियो । म खुशी थिएँ कि अझ राम्रा-राम्रा जागिरको प्रस्तावहरू आउनेक्रम जारी थियो ।

मलाई अर्को कामको प्रस्ताव पनि आयो जुन सरकारी संस्थाबाट व्यवस्थापकको पद थियो र तलब पनि राम्रो थियो । यो अति नै अचम्मको कुरा थियो कि यो मेरो पहिलो जागिर भए पनि उनीहरूले मलाई यति राम्रो तलब दिन चाहेका थिए । यहाँको तलब यति राम्रा थियो कि बेङ्गलोरको त्यो सम्पर्क केन्द्रमा राती काम गरेर कमाएको भन्दा चार गुणा राम्रो थियो ।

म यस्तो ठाउँमा थिएँ ! सुन्दर ठाउँमा असल जागिर, राम्रो कम्पनीमा राम्रो पद र राम्रो तलब दिएर येशूले मलाई आशिष दिनुभयो । साँच्चै मैले उहाँलाई जति धन्यवाद दिए पनि पुग्दैन ।

*तर साँच्ची नै परमेश्वरले सुन्नु भएको छ, उहाँले तेरा प्रार्थनाहरूमाथि ध्यान दिनुभएको छ । परमेश्वरलाई महिमा होस, जसले मेरा प्रर्थना अस्वीकार गर्नुभएको छैन, नता मबाट उहाँको प्रेम हटाउनुभएको छ !*

*भजनसंग्रह ६६:१९- २०*

## सुब्रताको कथा - येशू मेरो शरणस्थान र किल्ला हुनुहुन्छ

*परमप्रभुको बारेमा म भन्नेछु, "उहाँ मेरो शरणस्थान र किल्ला हुनुहुन्छ, मेरो परमेश्वर जसमाथी म भरोसा राख्तछु ।"*

*(भजनसंग्रह ९१:२)*

मैले भर्खरै मेरो घर निर्माण गर्ने काम सकेको थिएँ र तल्लो तला म भाडामा दिन चहान्थेँ । भाडाबाट आउने पैसाको मलाई अति नै खाँचो थियो । मेरो छोरो विरामी थियो र वर्षमा दुईपटक उपचारका लागि बेङ्गलोर लैजानुपरेको थियो । तल्लो तला भाडा लगाउन तयार थियो । तर मैले कुनै पनि भाडादर पाउन सकिन जो मेरो घरमा भाडामा बस्न तयार होस । म चिन्तित थिएँ ।

मेरी श्रीमति भरखरै मात्र पाँच दिनको आत्मिकी सम्मेलन सकाएर फर्केकी थिईन अनि उनले सम्मेलनमा अनुभव गरेका कुराहरू बाडिन कि कसरी येशूप्रभुले उनलाई र अरू सहभागीहरूलाई छुनुभयो

भनेर । कसरी मानिसहरूले येशूसँग प्रार्थना गरे, कसरी तिनीहरूले येशूको प्रशंसा र आराधना गरे भनेर उनले मसँग बाडिन । उनको कुराले मलाई पनि उत्साह मिल्यो र मैले पनि येशूसँग भाडादार पाउनका लागि प्रार्थना गर्ने निर्णय गरेँ ।

मेरी सालीले मलाई बाइबलमा बताईएको परमेश्वरको प्रतिज्ञाहरूको बारेमा र कसरी हामीले विश्वासका साथ येशूसँग प्रार्थना गर्ने भन्ने बारे बताएकी थिईन । मैले ईमान्दारीताका साथ येशूसँग प्रार्थना गर्न थालेँ । मैले भजनसंग्रह ९१ अनुसार प्रार्थना गरेँ । केहि दिन पछि मैले एकजना भाडादारलाई पाएँ जो मेरो घरमा भाडामा बस्न र भाडा दिन तयार भयो र मेरो सारा आवश्यकता पनि पुरा हुने भयो । तर म अझै अन्कनाईरहेको थिएँ कि यस भाडादार असल होला कि नहोला अथावा मैले अर्को कुनै भाडादारलाई पो कुर्नुपर्ने हो की ? अनि मैले यी सब अवस्थालाई येशूमा समर्पण गर्ने निर्णय गरेँ । येशू हामीलाई जुटाउनुहुने परमेश्वर हुनुहुन्छ अनि जब हामीले आफैलाई उहाँमा समर्पण गर्छौं तब उहाँले सबै कुराको वास्ता गर्नुहुन्छ । जब यशूले हाम्रा सबै थोक लिनुहुन्छ, उहाँ अति विश्वासयोग्य पनि हुनुहुन्छ ! मैले अति असल भाडादार पाएँ । भाडा पनि राम्रो थियो । यसरी मैले थप आम्दानी गरेर मेरो छोराको उपचार सजिलै गर्न सकेँ । अनि मेरो अर्थिक अभावको समस्या पनि समाधान भयो । मेरो छोरो पनि विरामीबाट निको हुँदै गयो । परमेश्वरको प्रशंसा होस ! उहा साँच्चै प्रेमिलो हुनुहुन्छ, उहाँका पुत्र येशू ख्रीष्टद्वारा हामी सबै छोराछोरी हौं ।

परमप्रभु भन्नुहुन्छ, “त्यसले मलाई प्रेम गरेको हुनाले, म त्यसलाई छुटाउनेछु ।

*त्यसले मेरो नाउँ ग्रहण गरेको छ, यसकारण म त्यसको रक्षा गर्नेछु ।*

*त्यसले मेरा पुकार गर्नेछ, र म त्यसलाई उत्तर दिनेछु ।*

*त्यसको दुःखका घडीमा म त्यससँग हुनेछु,*

*म त्यसलाई उत्तर दिनेछु, र आदर गर्नेछु ।”*

*भजनसंग्रह ९१:१४-१५*

# खण्ड ३–परमेश्वरको समय

*परमेश्वरको महिमाको उपस्थितिको समय आराधना र प्रार्थनामा हुँदछ ।*

## परमेश्वरको हातहतियार धारण गर्नु

यो प्रार्थना तपाईँको हरेक दिन बिहानको प्रार्थना बनाउनुहोस । यो प्रार्थनाले परमेश्वरको बल र शक्तिमा हरेक दिन आईपर्ने आत्मिकी चुनौतीहरूसँग लडन तयार गर्दछ ।

प्यारो प्रभु, जब म बिहानी खाटबाट उठछु, म जान्दछु कि म एक युद्धभूमीमा पाईला टेक्दैछु । तर मलाई थाहा छ कि त्यस युद्धमा खडा रहनका लागि तपाईँले मलाई सबैथोक दिनुभएको छ । त्यसैले तपाईँको पवित्रआत्माको शक्तिमा म ती सारा परमेश्वरका हातहतियार धारण गर्दछु ।

पहिलो, म मेरा शीरमा मुक्तिका टोपी लगाउँदछु । कृपया मेरो मष्तिस्क र मेरा विचारहरूका रक्षा गर्नुहोस । कृपया मेरो आँखाका रखवाली गर्नुहोस, कुनै पनि पापतिर नचियाओस । कृपया परमेश्वरको कुरातर्फ ध्यान लगाउन सहायता गर्नुहोस । धार्मिकताको छातीपाताले मेरो हृदय र मेरा भावनाहरूलाई सुरक्षित राखेको होस । म प्रार्थना गर्छु कि मेरा भावनाहरूले मलाई शासन नगरोस तर सत्यताद्वारा होस । तपाईँको वचनले मलाई कम्मर पेटीले जस्तै घेरोस । गल्तीबाट मलाई बचाउनुहोस । मेरा पाईलाहरूलाई डोऱ्याउनको लागि म शान्तिका जुत्ता पहिरिन्छु । कृपया मेरो खुट्टाहरूमा तपाईँको सत्यता रोप्नुहोस । सबैखाले आक्रमणका विरूद्धमा खडा रहन मलाई सुसज्जित पार्नुहोस ।

अर्को, म विश्वासको ढाल उठाउँदछु । प्रभु, कृपया मलाई शैतानका अग्निवाणबाट बचाउनुहोस । तपाईँका सिपाहीहरूसँग काँधमा काँध मिलाएर शैतानका योजनाहरूको विरूद्ध लडन मलाई खडा गर्नुहोस । अन्तमा म आत्माको तरवार भिरदछु, जुन तपाईँको पवित्र

वचन हो । प्रभु मलाई तपाईंको वचन ताजा र उत्साहित भएर पढ्नका लागि सहायता गर्नुहोस ताकि जस्तोसुकै आक्रमणमा पनि तयारी रहन र तपाईंको सत्यता अरूहरूलाई बाँड्न सकुँ ।

प्रभु, म जान्दछु कि मैले धेरै आक्रमणहरूको सामना गर्नुपर्छ ।

तर तपाईंले मलाई खडा रहनको लागि सुसज्जित पार्नु भएको छ ।

प्रभु, कृपया यो युद्धभूमीका लागि मलाई बल दिनुहोस । परमेश्वरको आनन्द नै मेरो बल हो । येशूको नाउँमा म प्रार्थना गर्दछु, आमेन !

*बाइबालका सन्दर्भ (एफिसी ६:१३-१८)*

## प्रभुको प्रार्थना

*हे हाम्रा पिता, जो स्वर्गमा बस्नुहुन्छ, तपाईंको नाउँ पवित्र होस ।*

*तपाईंको राज्य आओस ।*

*तपाईंको इच्छा स्वर्गमा जस्तो छ, त्यस्तै यस पृथ्वीमा पूरा होस ।*

*हामीलाई आज हाम्रो दैनिक भोजन दिनुहोस ।*

*हाम्रा अपराध क्षमा गर्नुहोस,*

*जसरी हामीले आफ्ना अपराधीहरूलाई क्षमा गरेका छौं ।*

*हामीलाई परीक्षामा पर्न नदिनहोस, तर दुष्टबाट छुटाउनुहोस ।*

*किनभने राज्य, पराक्रम र महिमा सदासर्वदा तपाईंकै हुन, आमिन ।*

*बाइबलको सन्दर्भ (मत्ती ६:९-१३)*

## परमेश्वरको सुरक्षाको लागि प्रार्थना

जो परमप्रधानका शरणमा वास गर्दछ,

ऊ सर्वशक्तिमानको छत्रछाँयामुनि रहन्छ । परमप्रभुको बारेमा म भन्नेछु,

"तपाइँ मेरो शरणस्थान र किल्ला हुनुहुन्छ, मेरा परमेश्वर, तपाइँमा म भरोसा राख्दछु ।"

निश्चय नै तपाइँले हामीलाई शिकारीका पासोबाट र घातक रूढीबाट बचाउनुहुनेछ । तपाइँको पखेटामुनि हामी शरण लिँदछौं, तपाइँको सत्यता हाम्रा ढाल र पर्खालहुनेछ ।

रातको त्रासदेखि र दिनमा उडेर आउने वाणदेखि हामी डराउने छैनौं, न त अन्धकारमा फैलिने रूढीदेखि न मध्य दिनमा नाश गर्ने महामारीदेखि डराउनेछौँ । एक हजार जना हाम्रा नजिक लोटनेछन, र हाम्रो दाहिने हाततर्फ दश हजार जना, तर हाम्रो नजिक कोहि आउनेछैनन । मात्र हाम्रा आँखाले ती देख्नेछन, र दुष्टहरूको प्रतिफल देख्नेछौँ ।

किनकि परमप्रभु सर्वोच्चमा वास गर्नुहुने परमेश्वरलाई

हामीले हाम्रो शरणस्थान बनायौं । हाम्रो कुनै अनिष्ट हुनेछैन,

हाम्रो घरको नजिक कुनै विपत्ति आउने छैन,

किनकि तपाइँले आफ्ना स्वर्गदूतहरूलाई,

हाम्रो मार्गमा रक्षा गर्नको लागि खटाउनु भएको छ । तिनीहरूले हामीलाई हातहातै थाम्नेछन,

नत्रता हाम्रो खुट्टा ढुङ्गामा ठोकिनेछन । हामीले सिँह र गोमनलाई कुल्चनेछौं, जवान सिँह र सर्पलाई हामीले पैतालामुनि लतार्नेछौँ । “किनकि हामीले तपाईँलाई प्रेम गरेको हुनाले, तपाईँले हामीलाई छुटाउनुहुनेछ, तपाईँले हामीलाई उच्च पार्नुहुनेछ, किनकि हामीले तपाईँको नाउँलाई ग्रहण गरेका छौँ ।

हामीले तपाईँलाई पुकार्नेछौं, र तपाईँले हामीलाई उत्तर दिनुहुनेछ ।

हाम्रा दुःखका घडीमा तपाईँ हामीसँग रहनुहुनेछ, तपाईँले हामीलाई छुटकारा र आदर गर्नुहुनेछ । लामो आयु दिएर हामीलाई सन्तुष्ट तुल्याउनुहुनेछ, र हामीलाई तपाईँको उद्धारको दर्शन दिनुहुनेछ ।”

*बाइबलको सन्दर्भ (भजनसंग्रह ९१)*

## परमप्रभु हामीलाई दिनुहुने परमेश्वर हुनुहुन्छ (उहाँले हाम्रा सबै खाँचोहरूको वास्ता गर्नुहुन्छ)

परमप्रभु, तपाईँ मेरो गोठालो हुनुहुन्छ, मलाई केही कुराको अभाव हुदैंन । मलाई चाँहिने सबैथोक मसँग हुनेछ ।

तपाईँले मलाई हरियो खर्कमा लेटाउनुहुन्छ,

तपाईँले मलाई शान्त पानीको छेऊमा डोऱ्याउनु हुन्छ,

तपाईँले मेरो प्राणलाई पुनर्जिवित पार्नुहुन्छ । तपाईँले मेरो बललाई नयाँ तुल्याउनुहुन्छ ।

आफ्नो नाउँको खातिर मलाई धार्मिकताको मार्गमा डोऱ्याउनुहुन्छ । अन्धकारमय घाँटी भएर मलाई जानुपरे तापनि म डराउनेछैन । किनकि तपाईँ मेरा परमप्रभु जो मेरो साथमा हुनुहुन्छ ।

तपाईँको लठ्ठी र लहुरोले मलाई सान्त्वना दिनुहुन्छ ।

तपाईँले मेरा शत्रुहरूका सामुन्ने भोज तयार गर्नुहुन्छ । तपाईँले मेरो शिर तेलले अभिषेक गर्नुहुन्छ,

मेरो कचौरा भरिएर पोखिन्छ ।

निश्चय नै तपाईँको भलाई र करुणा मेरो जीवनभरी म पछि लाग्नेछ ।

र म परमप्रभुको घरमा सदासर्वदै वास गर्नेछु ।

*बाइबलको सन्दर्भ (भजनसंग्रह २३)*

## ३ बजेको प्रार्थना

तपाईँ मर्नु भएपनि, येशू, हाम्रा आत्माका लागि जीवनको स्रोत बग्दछ,

अनि सारा संसारका लागि करुणाको सागर खोलिएको छ ।

हे ! जीवनको मूल, अथाह करुणाको सागर,

तपाईँले आफैलाई हाम्रो लागि रित्याउनुभयो र सारा जगतलाई घेर्नुभयो ।

ए ! रगत र पानी, जो येशूको हृदयबाट बग्यो,

हाम्रा लागि करुणाको मूल झैँ, हामी तपाईँमा भरोसा गर्छौं ।

पवित्र परमेश्वर, पवित्र सवशक्तिमान, पवित्र अमर,

हामीमाथि करुणा गर्नुहोस र यो सारा संसारमाथि पनि ।

प्रभ येशू, करुणाको राजा, हामी तपाईँमा भरोसा राख्छौं !

आमेन ।

## परमेश्वरको अगुवाई खोज्नु

परमप्रभु, मैले लिनुपर्ने निर्णयहरूमा म तपाईंको अगुवाइ खोज्दछु । मेरो जीवनका लागि म तपाईंको इच्छा खोज्दछु । प्रभु, मेरो सारा हृदयले म तपाईंमा भरोसा राख्दछु । म आफ्नै समझमा भर पर्नेछैन । मैले गर्ने हरेक काममा म तपाईंको इच्छा खोज्दछु । अनि मलाई थाहा छ कि प्रभु, तपाईंले नै मैले कुनै मार्गमा चल्नुपर्ने हो सो बताउनुहुनेछ ।

परमप्रभु, कृपया मलाई तपाईंको पवित्र उपस्थितिमा शान्त भई बस्न सिकाउनुहोस । तपाईंका मधुर आवाजलाई सुन्न मलाई सिकाउनुहोस । मलाई आशिष दिनुहोस कि म तपाईंमा आज्ञाकारी बन्न र तपाईंको निर्देशनलाई पछ्याउन सकुँ । परमप्रभु, सबै कुरा तपाईंको वचन र तपाईंको इच्छा अनुसार भएको होस । पिता, येशूको नाउँमा म प्रार्थना गर्दछु । आमिन ।

*बाइबलको सन्दर्भ (हितोपदेश ३:५-६)*

## चिन्ता र तनावमा विजय पाउनका लागि प्रार्थना

सर्वशक्तिमान परमेश्वर, म प्रार्थनामा तपाईंको सामु आउँदछु । म कस्तो परिस्थितिबाट भएर जाँदैछु भन्ने तपाईं जान्नुहुन्छ । म चिन्तित र तनावग्रस्त छु । प्रभु, म जान्दछु कि मैले चिन्ता गरे पनि र अस्थिर भए पनि यसले मलाई सहायता गर्न सक्दैन । तपाईं सर्वशक्तिमान, शक्तिशाली र प्रेमिलो हुनुहुन्छ भन्ने कुरा मलाई थाहा छ । म तपाईंकहाँ तपाईंको आशिष र तपाईंका शान्ति खोज्दै आएको छु । प्रभु, तपाईंले सबै तपाईंका छोराछोरीहरूलाई तपाईंको उपस्थितिमा आउनका लागि निमन्त्रणा दिनुहुन्छ, ती मध्ये म जस्तो पनि एक हुँ जो अति नै थाकेको र बोझले दबिएको छु । म

तपाईंको प्रतिज्ञालाई जान्दछु कि तपाईंमा विश्राम छ । म मेरा सारा चिन्ता र निराशापनहरू तपाईंमा राख्दछु कारण तपाईंले मेरा वास्ता गर्नुहुन्छ। धन्यवाद प्रभु, तपाईं अति दयालु र कोमल हृदयको हुनुहुन्छ । मैले तपाईंमा विश्राम पाउँदछु ।

यस संसारमा भएका म जस्ता अरू तपाईंका छोराछोरीहरूका लागि पनि म प्रार्थनामा उचाल्दछु जसले मैले जस्तै अवस्थाको सामना गर्नुपरिरहेको छ । हामीलाई तपाईंको शान्तिले आशिषित गर्नुहोस । पिता, यो प्रार्थना सर्वशक्तिमान येशूको नाउँमा गर्दछु । आमिन ।

*बाइबलको सन्दर्भ (मत्ती ११:२८-३०, १ पत्रुस ५:७)*

## चंगाईको लागि प्रार्थना

सर्वशक्तिमान परमेश्वर, तपाईं पवित्र र धार्मिक हुनुहुन्छ । तपाईं शक्तिशाली र करूणामयी हुनुहुन्छ ।

स्वर्ग र पृथ्वीका सारा अधिकार तपाईंमा छ ।

प्रेमिलो परमेश्वर, तपाईं अनुग्रहका परमेश्वर हुनुहुन्छ । तपाईंले हामी सबैलाई जीवन प्रदान गर्नुभयो। तपाईं हाम्रा उद्धारक हुनुहुन्छ। तपाईंको हातमा र तपाईंको अधिकारमा रोगहरू र चिन्ताको चंगाई गर्ने शक्ति छ ।

तपाईं कति प्रेमिलो र करुणामयी हुनुहुन्छ । तपाईंले आफ्नो प्यारो पुत्र प्रभु येशू ख्रीष्ट हाम्रा मुक्तिदाताको रूपमा दिनुभयो । हाम्रा सबै पापहरू र रोगहरू उहाँको कोर्राको चोटहरू र येशूको पवित्र

रगतद्वारा धोईएका छन, जुन उहाँले क्रूसमा बहाउनुभएको थियो । हामी निको भएका छौं । प्रभु म मेरा सबै कमजोरीहरू र पापहरू

तपाईंमा स्वीकार गर्दछु । मलाई क्षमा गर्नुहोस प्रभु । म तपाईं विना केही पनि होईन, तपाईंको अनुग्रहद्धारा म निको भएको छु । तपाईं सारा आश्चर्यका प्रभु हुनुहुन्छ । म तपाईंको शक्ति, प्रेम र करुणमयी शक्तिमा भरोसा राख्दछु । तपाईंले नै मलाई क्षमा गर्नुभयो र चंगाई गर्नुभयो । प्रभु, तपाईंलाई धन्यवाद ! मलाई शुद्ध र नयाँ हृदय दिनुभएको लागि । तपाईंको शान्ति मलाई दिनुभएको लागि म तपाईंलाई धन्यवाद दिन्छु । कृपया सदैव मसँग हुनुहोस । तपाईं ईम्मानुएल हुनुहुन्छ (परमेश्वर हामीसँग) ।

तपाईं नै बाटो, सत्य र जीवन हुनुहुन्छ । तपाईं मेरो जीवनको ज्योती हुनुहुन्छ । मेरो लागि तपाईंको प्रेमले मलाई बचाएको छ । हे परमप्रभु, मलाई तपाईंका अमुल्य र पवित्र रगतले ढाक्नुहोस ।

प्रभु येशू, मलाई तपाईंतिर नजिक खिँच्नुहोस । म तपाईंको अलौकिक शक्तिमा भरोसा गर्दछु । तपाईं मेरा उद्धारक, चंगाईकर्ता, रक्षक र शरणस्थान हुनुहुन्छ । तपाईं मेरा परमेश्वर हुनुहुन्छ ।

प्रभु येशू, तपाईं मेरो बारेमा सब जान्नुहुन्छ, मेरा खाँचोहरू र मेरा सब इच्छाहरू । म आफैलाई तपाईंको पवित्र शक्तिशाली हातमा समर्पण गर्दछु । तपाईंको इच्छा अनुसार ममा रहनुहोस । म तपाईंको हुँ । म बचाईएको र निको पारिएको छु ।

पिता, म मेरा सब दाजुभाई, तथा दिदीबहिनीहरूका लागि पनि प्रार्थना गर्दछु जसलाई तपाईंको अनुग्रह र आशिषको खाँचो छ । मेरा सारा प्रार्थना बिन्ति शक्तिशाली येशूको नाउँमा माग्दछु । आमिन ।

*बाइबलको सन्दर्भ (यशैया ५३:५, भजनसंग्रह १०३:१-५, यूहन्ना १४:६)*

## परमेश्वरको शक्ति र अधिकारमा खराब विचारहरू र बानीहरू त्याग्नु

प्यारो प्रभु, म जान्दछु कि तपाईँका आशिष र तपाईँको अनुग्रह ममाथि छ। म खराब विचार र बानीहरूमा संघर्ष गरिरहेको छु, जुन तपाईँको नजरमा योग्गका छैनन । म यी सारा खराब विचारहरू र बानीहरूलाई त्याग्न चहान्छु । तपाईँले मलाई सर्पहरू र बिच्छिहरू कुल्चने र शत्रुको सारा शक्तिमाथि अधिकार दिनुभएको छ, र कुनै कुराले मलाई हानी गर्नेछैन ।

त्यसैले येशूको शक्तिशाली नाउँमा यी खराब विचारहरू र बानीहरूलाई अहिले नै मेरा जीवनबाट जानका लागि म आज्ञा गर्दछु । प्रभु, कृपया मलाई तपाईँको अमुल्य रगतले धनुहोस र सब पापहरूबाट शुद्ध तुल्याउनुहोस । मलाई तपाईँको अनुग्रह र कृपाले भर्नुहोस । तपाईँको पवित्र नाउँलाई उचाल्न र महिमा दिनका लागि जीउन सकु । येशूको शक्तिशाली नाउँमा म प्रार्थना गर्दछु । आमिन ।

*बाइबलको सन्दर्भ (लूका १०:१९)*

## शान्तिको लागि प्रार्थना

प्रभु, मेरो हृदय दुखित छ। मेरो हृदयमा शान्ति छैन। मेरो मनलाई मैले अर्को तिर खिच्न खोजे तापनि मेरो विचरालाई खल्बल्याउने कुराहरू मेरो मनमा आईरहन्छन् । प्रभ येशू, आफ्नो सबै छोराछोरीहरूका लागि शान्ति दिन्छु भनी तपाईँले प्रतिज्ञा गर्नुभएको छ । तपाईँले भन्नुभयो, “शान्ति म तिमीहरूलाई छोडिराख्छु । म आफ्नो शान्ति तिमीहरूलाई दिन्छु । संसारले दिए जस्तो म तिमीहरूलाई दिँदिन । तिमीहरूका हृदय व्याकुल नहोस र भयभीत नहोस ।”

प्रभु येशू, म तपाईँका प्रतिज्ञामा भरोसा गर्दछु । म तपाईँमा विश्वास गर्छु । प्रभु मसँग हुनुभएका लागि तपाईँलाई धन्यवाद । म तपाईँको पवित्र नाउँको प्रशंसा गर्छु । मेरा सबै चिन्ताफिक्रीहरू म तपाईँमा अर्पण गर्दछु जसै तपाईँले मेरो वास्ता गर्नुहुन्छ र म विश्वास गर्दछु कि तपाईँको शान्ति मसँग छ ।

ममा तपाईँको शान्तिले काम गरिरहेको छ । तपाईँको शान्ति मानिसको समझ भन्दा बाहिर छ । धन्यवाद प्रभु ।

प्रभु, म जान्दछु कि तपाईँमा भरोसा राख्नेहरू र आफ्नो विचार तपाईँमा लगाउनेहरूलाई तपाईँले आफ्नो पूर्ण शान्ति दिनुहुन्छ । म तपाईँमा भरोसा राख्छु प्रभु । तपाईँ अनन्तका चट्टान हुनुहुन्छ र कहिल्यै नष्ट नहुने बल हुनुहुन्छ । शान्तिमा म पल्टिनेछु र निदाउनेछु, किनकी हे परमप्रभु, तपाईँले मात्र मलाई सुरक्षित राख्नुहुन्छ ।

म तपाईँका सबै छोराछोरीहरूका लागि पनि प्रार्थना गर्दछु जसका हदयमा शान्ति छैन । तपाईँका शान्तिले उनीहरूको हृदयलाई छुनुभएको होस र उनीहरूको हृदयलाई सान्त्वना दिनुहोस । पिता, शक्तिशाली येशूको नाउँमा म प्रार्थना गर्दछु । आमिन ।

*बाइबलको सन्दर्भ (यूहन्ना १४:२७, भजनसंग्रह ४:८, यशैया २६:३-४, १ पत्रुस ५:७, फिलिप्पी ४:६-७)*

## आफ्नो पापका लागि परमेश्वरको क्षमादानको खोजिको प्रार्थना

प्रेमिलो स्वर्गिय पिता, मलाई तपाईँका पवित्र उपस्थितिमा आउन दिनुहोस र तपाईँको पाउँदानमा बस्न दिनुहोस । मैले मेरा विचार हरूले, मेरा शब्दहरूले र मेरा कार्यहरूले गरेका पापरूहरूको क्षमा चाहन्छु ।

(तपाईँले गर्नुभएका पापहरू र गल्तीहरूका क्षमा माग्नुहोस,

- बाल्यकालमा गरेको पाप
- जवान अवस्थामा गरेको पाप
- तपाईँको कार्यक्षेत्र/विद्यालय/कार्यालयमा गरेको पाप
- परिवारका सदस्यहरूसँगको सम्बन्धमा गरेको पाप
- आफ्ना नातेदार र साथीहरूसँग गरेको पाप
- अरूसँगको सम्बन्धमा

आफूले गरेका सबै गल्तीहरू प्रभुको सामु ल्याउनुहोस र क्षमादानको माग गर्नुहोस् ।

प्रभु, मेरा हृदयका गुप्त पापहरूलाई म कसरी जान्न सक्छु ? आफ्नै गल्तीहरूलाई कसले बुझ्न सक्छ र ? कृपया मेरो लुकिएका पापहरूलाई क्षमा गर्नुहोस् । यस्ता गुप्त पापहरूबाट मलाई शुद्धिकरण गर्नुहोस । मैले जानाजान गर्ने पापहरूबाट मलाई टाँढै राख्नुहोस । तिनीहरूले मलाई नियन्त्रण नगरोस । तब म मेरा दोष र घोर अपराधहरूबाट मुक्त हुनेछु ।

मैले पाप गरेको छु र तपाईंको अनुग्रहले मात्र मेरा सारा पापहरू धोईएका छन किनकी येशू नै मेरा मुक्तिदाता हुनुहुन्छ भनी म स्वीकार गर्दछु। उहा मेरा पापहरू र मेरा रोगहरू लिनका लागि यस संसारमा अउनुभयो। उहाँको क्रूसको मृत्यु र उहाँको अनुग्रहको कारणले नै म तपाईंलाई आफ्नो पिता भनी बोलाउन सक्छु।

प्रभु, तपाईं ज्यादै शक्तिशाली र अति प्रेमिलो हुनुहुन्छ। तपाईंले नै निनवे शहरलाई बचाउनुभयो र जब त्यहाँका मानिसहरूले आफ्ना पापहरूको पश्चाताप गरे तब तिनीहरूलाई छुट्कारा दिनुभयो। प्रभु, तपाईं कृपालु र दयालु परमेश्वर हुनुहुन्छ, क्रोध गर्नमा ढिला र अति करुणामयी हुनुहुन्छ।

कृपया मलाई पवित्र तुल्याउनुहोस र मेरो हृदय र विचारलाई शुद्धिकरण गर्नुहोस। मैले गरेका पापहरूको क्षमा दिनुहोस। येशूको पवित्र रगतले मलाई धुनुहोस र मलाई पवित्रिकरण गर्नुहोस। म तपाईंलाई धन्यवाद दिन्छु र तपाईंको पवित्र र शक्तिशाली नाउँको प्रशंसा गर्छु।

मेरा मुखबाट निस्कने शब्द र मेरो हृदयका भक्ति तपाईं अघि ग्रहणयोग्य भएको होस। हे परमप्रभु, तपाईं मेरो बल हुनुहुन्छ र तपाईं मेरा उद्धारक हुनुहुन्छ। कृपया मलाई क्षमा गर्नुहोस र तपाईंको शान्ति, प्रेम र आनन्दले भर्नुहोस। कृपया मेरो परिवारलाई पनि आशिष दिनुहोस।

पिता, म येशूको महान र पवित्र नाउँमा प्रार्थना गर्दछु। आमिन।

*बाइबलको सन्दर्भ (भजनसग्रह १९:१२-१४)*

## अरूलाई क्षमा गर्नका लागि प्रार्थना

प्रेमिलो स्वर्गीय पिता, म दु:खित छु। मैले कहिल्यै क्षमा दिन सक्दिन जस्तो लाग्छ (तपाईँले क्षमा दिन कठिन भएको व्यक्तिको नाम भन्नुहोस) । मलाई त्यो घटना भुल्न ज्यादै गाह्रो भईरहेको छ । तर प्रभु, म जान्दछु कि मैले मेरो हृदयमा क्षमा नदिइ हिँडेको तपाईँ चाहनुहुन्न । मैले तपाईँबाट धेरै कुरा सिक्न सक्छु । तपाईँले आफ्नो एक मात्र पुत्र, हाम्रा प्रभुयेशूलाई यस संसारमा मेरा लागि क्रूसमा मर्नको लागि र मेरा पापहरू र रोगहरू लिनका लागि पठाउनुभयो । उहाँको अमूल्य रगतमा मेरा पापहरू क्षमा भएका छन र मेरा पापहरू सधैँको लागि धोईएका छन । पिता, तपाईँले मेरो विगतका पापहरू कहिल्यैपनि सम्झनुहुने छैन भनि भन्नुभएको छ ।

परमप्रभु, मलाई एकअर्काप्रति कोमल र दयालु हुन सिकाउनुहोस । अरूलाई क्षमा गर्न पनि सिकाउनुहोस जसरी तपाईँले मलाई खीष्टयेशू प्रभुद्वारा क्षमा गर्नुभयो । येशूप्रभुको महान नाउँमा म प्रार्थना गर्दछु, पिता । आमिन ।

*बाइबलको सन्दर्भ (एफिसी ४:३२, हिब्रू १०:१७)*

## डरमाथि विजयप्राप्तिको लागि प्रार्थना

प्रेमिलो स्वर्गीय पिता, तपाईँको पवित्र नाउँ एउटा बलियो धरहरा हो । म तपाईँतिर दगुर्दछु र म सुरक्षित हुन्छु । तपाईँ मेरो प्रभु र मेरो परमेश्वर हुनुहुन्छ । तपाईँ ईम्मानुएल हुनुहुन्छ, )परमेश्वर

हामीसँग) । ममा रहनुहुने जो हुनुहुन्छ, उहा संसारमा भएका भन्दा महान हुनुहुन्छ । म डराउँने छैन ।

प्रभु, म तपाईँको सन्तान हुँ र म पवित्रआत्माद्वारा डोर्‍याईएको छु। कुनै कुरा देखि डराउनुपर्दैन। म परमेश्वरको सन्तान हुँ भनि मलाई पवित्रआत्माले मरो आत्मामा गवाही दिनुभएको छ।

प्रभु, तपाईँनै सर्वेसर्वा हुनुहुन्छ र सबै कुरा तपाईँकै अधिनमा रहेको छ। मैले कुनै कुरादेखि डराउनुपर्ने छैन कारण तपाईँ मेरो अब्बा, पिता हुनुहुन्छ।

धन्यवाद पिता परमेश्वर ! कृपया मलाई तपाईँको शान्तिले भर्नुहोस र पिता म अरूको लागि पनि प्रार्थना गर्दछु जसलाई डर माथि विजय प्राप्त गर्नको लागि तपाईँको कृपा र अनुग्रहको खाँचो छ। पिता, येशूको महान नाउँमा म प्रार्थना गर्दछु। आमिन।

*बाइबलको सन्दर्भ (हितोपदेश १८:१०, १ यूहन्ना ४:४, रोमी ८:१४-१६)*

## परमेश्वरमा विश्वास र आशाको प्रार्थना

प्रभु, म मेरो प्रार्थना लिएर तपाईँको सामु आउँदछु। म जान्दछु कि तपाईँले मेरो प्रार्थना सुन्नुहुन्छ। प्रभु म कमजोर छु र कहिले काहिँ मेरो मनमा शंका आउँदछन्। कहिले काहिँ मेरो विश्वास कमजोर हुँदछन्। कृपया मेरा कमजोर विश्वासको समयका लागि क्षमा गर्नुहोस। मेरो अविश्वासको लागि पनि क्षमा गर्नुहोस।

परमेश्वरको वचनको सुनाईबाट नै विश्वास आउँदछ। कृपया मलाई आशिष दिनुहोस कि म अलि बढि समय बाइबल पढाईमा बिताउन सकुँ, जुन तपाईँको पवित्र वचन हो। कृपया मेरो विश्वासलाई बढाईदिनुहोस। विश्वास चाहिँ आशा गरिएका कुराको निश्चयता

हो । यो नदेखिएको कुराको दृढ भरोसा हो । कृपया मेरो विश्वास तपाईंमा बढाउनका लागि मलाई आशिष दिनुहोस ।

म जान्दछु कि तपाईं हाम्रो प्रेमिलो परमेश्वर हुनुहुन्छ जसले हाम्रो प्रार्थनाको जवाफ दिनुहन्छ । मैल जुन कुराको लागि प्रार्थना गर्छु, त्यो मेरो लागि सहि नहुन सक्छ तर मेरो लागि जे असल छ, त्यहि कुराले मलाई आशिष दिनुहोस । पवित्र प्रभु, तपाईंले मलाई मेरो जीवनको लागि उत्तम योजनाका प्रतिज्ञा गर्नुभएको छ, शान्तिका योजना, उज्जवल भविष्य र आशा दिनका लागि । तपाईंले मेरा लागि गर्नुभएको योजना, मेरा लागि अति उत्तम र सफल योजना हो । तपाईंमा आज्ञाकारी हुन मलाई सहायता गर्नुहोस ।

तपाईं आशाका परमेश्वर हुनुहुन्छ । मलाई तपाईंको आनन्द र शान्तिले भर्नुहोस भनी म प्रार्थना गर्छु किनकी म तपाईंमा भरोसा राख्दछु । तब ममा पवित्र आत्माको शक्तिले आशा निश्चित रूपमा बहनेछ ।

म अरूको निम्ति पनि प्रार्थना गर्दछु, जो आफ्नो विश्वासमा संघर्ष गरिरहेका छन र जसलाई आशाका किरणको खाचो छ, जुन तपाईंमा मात्र छ प्रभु ।

पिता, येशूका नाउँमा म प्रार्थना गर्दछु । आमिन ।

*बाइबलको सन्दर्भ (रोमी १०:१७, यर्मिया २९:११, रोमी १५:१३, हिब्रू ११:१)*

## प्रेमको लागि प्रार्थना -येशूको प्रेमद्वारा खराबीमाथि विजय

प्रेमिलो स्वर्गीय पिता, हामी त्यस्ता मानिसहरूको लागि प्रार्थना गर्दछौँ जसल हाम्रो परिवारलाई खराबी गर्ने प्रयास गर्दछ र जसले हामीलाई जानी नजानी हानी गर्ने प्रयास गर्दछ । पिता, तपाईंले हामीलाई अरूलाई क्षमा गर्न निर्देशन दिनुभएको छ । त्यसैले हामी ती हरेकलाई क्षमा दिन्छौँ र उनीहरूमा शान्ति र उन्नतीको लागि हामी प्रार्थना गदछौँ । उनीहरूलाई तपाईंको अनुग्रह, शान्ति र करुणाले आशिषित गर्नुहोस ।

प्रभु येशू, तपाईंले भन्नुभएको छ- तर म तिमीहरूलाई भन्दछु, आफ्ना शत्रुलाई प्रेम गर र तिमीहरूलाई सराप्नेहरूलाई आशिष देओ, घृणा गर्नेहरूको भलाई गर, तिमीहरूलाई सताउनेहरूका निम्ति प्रार्थना गर, र तिमीहरू स्वर्गमा हुनुहुने आफ्ना पिताका छोराहरू हुनेछौ । उहाँले दुष्ट र सज्जन दुबैलाई सूर्यको ताप दिनुहुन्छ, र धर्मी र पापी दुवैलाई वृष्टी दिनुहुन्छ ।

प्रभु, हामी तपाईंमा आज्ञाकारी छौँ । अनि हामी ती सब मानिसहरूका लागि पनि प्रार्थना गर्दछौँ कि उनीहरूलाई तपाईंको प्रेम, शान्ति र आनन्दले आशिष दिनुहोस । तपाईंलाई तिनीहरूले जानुन र व्यक्तिगतरूपमा अनुभव पनि गरून । पिता, येशूको महान नाउँमा म प्रार्थना गर्दछु । आमिन ।

*बाइबलको सन्दर्भ (मत्ती ५:४४-४५)*

## समर्पणको लागि प्रार्थना- मेरो जीवनलाई परिचालन गर्न परमेश्वरलाई दिनु

प्रभु, तपाईंले भन्नुभयो, “माग त तिमीहरूलाई दिइनेछ, खोज त तिमीहरूले भेट्टाउनेछौ, ढक्ढक्याओ त तिमीहरूका निम्ति उघारिनेछ ।” प्रभु म यहाँ छु । मेरो जीवनमा आउनुहोस भनी म

बिन्ति गर्दछु। प्रभु, म तपाईँको इच्छा मेरो जीवनमा खोज्दछु। मेरो जीवन तपाईँमा समर्पण गर्दछु। प्रभु, मेरा जीवनको पहिलो स्थान म तपाईँलाई दिँदछु। दया गरेर मेरो जीवनको जिम्मा लिनुहोस र मेरो जीवनलाई अधिन गर्नुहोस किनकी म जान्दछु कि मेरो जीवनको लागि तपाईँले बनाउनु भएको योजना सबैभन्दा उत्तम छ।

मलाई थाहा छ तपाईँ हाम्रो प्रेमिलो पिता हुनुहुन्छ, जसले हाम्रो प्रार्थनाको उत्तर दिनुहुन्छ । यदि मैले गरेको प्रार्थना मेरो लागि असल छैनन भने कृपया गरी मेरो लागि उत्तम हुने कुराले आशिष दिनुहोस । पवित्र प्रभु, मेरो लागि र मेरा जीवनको लागि तपाईँमा महान योजना छ भनी तपाईँले प्रतिज्ञा गर्नुभएको छ, जो शान्तिको योजना, मलाई उज्वल भविष्य र आशा दिनको लागि हुन । म विश्वास गर्दछु कि तपाईँले मेरा लागि बनाउनुभएको योजना मेरो निम्ति राखिएका सबभन्दा उत्तम योजना हो । जसरी आकाश पृथ्वीभन्दा अग्लो छ, त्यसरी नै तपाईँको चाल मेरो चालभन्दा र तपाईँको विचार मेरो विचारभन्दा अग्ला छन् । मलाई आज्ञाकारी हुन सिकाउनुहोस। मलाई तपाईँको वचन अनुसार हुन दिनुहोस।

हे प्रभु, मलाई तपाईँका मार्गका शिक्षा दिनुहोस र म तपाईँको सत्यतामा हिँडनेछु । मलाई एकाग्र हृदय दिनुहोस र म तपाईँको नाउँको भय मानूँ।

पिता, यो बिन्ति सर्वशक्तिमान येशूको नाउँमा माग्दछु। आमिन।

*बाईबलको सन्दर्भ (मत्ती ७:७, भजनसंग्रह ८६:११, यर्मिया २९:११, लूका १:३८, यशैया ५५:९)*

## परिशिष्ट-क

### जब हामी परमेश्वरको बारेमा विचार गर्छौं, तब हाम्रो मनमा के विचार आउँदछ ?

हामी यहाँ परमेश्वरको स्वभाव र विशेषताहरूबारे ध्यान केन्द्रित गरौं:

हाम्रो प्रेमिलो पिता

हाम्रो बल

हाम्रो शान्तिदाता

राजाहरूका राजा, प्रभुहरूका प्रभु

ब्रम्हाण्डका शासक र सृष्टीकर्ता

हाम्रो सल्लाहकार

सर्वशक्तिमान (सबैभन्दा शक्तिशाली)

सर्वव्यापी (सधैं उपस्थित रहने)

सर्वज्ञानी (सबै कुराको ज्ञान भएको)

हाम्रो धरहरा

हाम्रो उद्धारक

हाम्रो मित्र

हाम्रो मुक्तिदाता

हाम्रो गोठाला

परमेश्वर प्रेम हुनुहुन्छ

हाम्रो चंगाईकर्ता

हाम्रो उद्धारक

हाम्रो चट्टान

हाम्रो उद्धारक

सर्वशक्तिमान

हाम्रो शरणस्थान

सदा विश्वासयोग्य

हाम्रो बलियो किल्ला

हाम्रो रक्षक

हाम्रो पथप्रदर्शक

हाम्रो शान्तिदाता

हाम्रो पवित्र परमप्रभु

यी हाम्रो परमेश्वरका केही नाम र केही विशेषताहरू मात्र हुन । यस्ता अरू अझ धेरै रहेका छन ।

## परिशिष्ट-ख

**वचनका खण्डहरू- हामीले वचनका कुन खण्डबाट सहयाता पाउने जब हामी...**

**डराउँछौं :** यूहन्ना १४:२७, २ तिमोथी १:७, हिब्रू १३:६

**रिसाउँछौं :** मत्ती ५:२२-२४, रोमी १२:१४, रोमी १२:१७-१८, रोमी १२:२१, एफिसी ४:२६, एफिसी ४:३१-३२, याकुब १:१९-२०

**व्याकुल/चिन्तित हुन्छौं :** मत्ती ६:२५-३४, फिलिप्पी ४:६-७, लूका १२:२२-२८, लूका १२:२९-३१, १ पत्रुस ५:७

**शोकित बन्छौं :** यूहन्ना ११:२५, १ कोरिन्थी १५:५१-५७, २ कोरिन्थी ५:१, १ थेस्सलोनिकी ४:१३-१८, १ पत्रुस १:३-५

**तितोपनको महशुस गर्छौं :** मत्ती ६:१४-१५, रोमी १२:१४, एफिसी ४:३१-३२, १ पत्रुस २:२३

**निराश हुन्छौं :** मत्ती ११:२८-३०, रोमी ८:२८, फिलिप्पी ४:१३, फिलिप्पी ४:६-७

**निरूत्साहित/दु:खित हुन्छौं :** मत्ती ११:२८-३०, रोमी ८:२८, गलाती ६:९-१०, फिलिप्पी १:६, फिलिप्पी ४:६-७, फिलिप्पी ४:१९, हिब्रू १० :३५-३६, १ पत्रुस १:६-९

**परमेश्वरमा शंका गर्छौं** : मत्ती ८:२६-२७, यूहन्ना ६:३५-४०, फिलिप्पी १:६, हिब्रू ११:६, याकूब १:५-६

**परमेश्वरको प्रेममा प्रश्न गर्छौं** : लूका १५:११-२४, यूहन्ना १७:२०-२६

**आशा बिहिन हुन्छौं** : रोमी १५:१३, २ थेस्सालोनिकी २:१६-१७

**डाहा/आरिस गर्छौं** : हिब्रू १३:५, याकुब ३:१३-१८

**अधैर्य बन्छौं** : रोमी ५:३-५, याकुब ५:७-८

**एक्लोपनको महशुस गर्छौं** : यूहन्ना १४: १५-२१, प्रेरित २:२५-२६, हिब्रू ४:१४-१६

**निरास बन्छौं** : २ कोरिन्थी १:३-४, २ थेस्सलोनिकी २:१६-१७, हिब्रू ४:१४-१६

**बिरामी हुन्छौं** : यशैया ५३:४-५, भजनसंग्रह १०३:१-५, भजनसंग्रह १४७:३, मत्ती ९:३५, याकुब ५:१६, १ पत्रुस २:२४

**कष्ट भोग्छौं/दु:खबाट गुज्रन्छौं** : रोमी ८:३५-३९, २ कोरिन्थी १२:९-१०, १ पत्रुस ४:१२-१४, याकुब १:१३, मत्ती ११:२८-३०, रोमी ८:२८, रोमी ५:३-५

**परिक्षित हुन्छौं/परिक्षामा पर्छौं :** मत्ती ४:१-४, ११, मत्ती २६:४१, १ कोरिन्थी १०:१२-१३, हिब्रू ४:१५-१६, याकुब १:२-४, याकुब १:१२, याकुब ४:७

**खराब सोचाईहरू आउँछन् :** फिलिप्पी ४:८, याकूब ४:७, कलस्सी ३:२

**कमजोर हुन्छौं :** रोमी ५:६, २ कोरन्थी १२:९,१०, एफिसी ३:१४-१७

**क्षमा दिन असमर्थ हुन्छौं :** मत्ती ६:१४,१५ १८:२१,२२ मर्कूस ११:२५, लूका ६:३७,३८ ११:४

म यिनीहरूका निम्ति मात्र प्रार्थना गर्दिन, तर यिनीहरूका सन्देशद्वारा ममाथि विस्वास गर्नेहरूका निम्ति पनि प्रार्थना गर्छु, ताकि तिनीहरू सब एक होऊन । हे पिता, जसरी तपाइँ ममा हुनुहुन्छ, र म तपाइँमा, त्यसरी तिनीहरू पनि हामीमा होऊन, र तपाइँले मलाई पठाउनुभयो भनी यस संसारले विस्वास गरोस । जुन महिमा तपाइँले मलाई दिनुभएको छ, मैले तिनीहरूलाई दिएको छु, ताकि हामी एक भएझैँ तिनीहरू पनि एक होऊन र तपाइँले मलाई पठाउनुभएको हो, अनि मलाई प्रेम गर्नु भएजस्तो तपाइँले तिनीहरूलाई पनि प्रेम गर्नुभयो भनी संसारले जानोस ।

पिता, म इच्छा गर्दछु, कि तपाइँले मलाई दिनुभएकाहरू म जहाँछु म सगै रहुन र मेरो महिमा देखून जुन महिमा संसारका सृष्टि हुन अघि देखिनै मलाई प्रेम गर्नुभएको हुनाले तपाइँले मलाई दिनुभएको थियो । "धार्मिक पिता, संसारले तपाइँलाई चिन्दैन, तर म तपाइँलाई चिन्दछु, अनि तपाइँले मलाई पठाउनुभएको हो भनी यिनीहरूले जान्दछन । मैले तपाइँको नाउँ यिनीहरूमा प्रकट गरेँ, अनि तपाइँको नाउँ यिनीहरूमा प्रकट गराईरहने छु, ताकि जुन प्रेमले मलाई तपाइँले प्रेम गर्नुभयो त्यो तिनीहरूमा रहोस, र म तिनीहरूमा रहुँ ।"

*(यूहन्ना १७:२०-२६)*

यस पुस्तकको बारेमा केहि जिज्ञासा, सल्लाह तथा सुझावहरू भएमा निम्न ठेगानामा इमेल गर्न सक्नुहुनेछ।

परमिता र सरस्वती


इमेल: questionsaboutgod2015@gmail.com

इमेल: QuestionsAboutGod2015@gmail.com


God Loves You

**नेपाली अनुवाद : गोविन्द न्यौपाने**


gpneupane2012@yahoo.com

परमेश्वर भन्नुहुन्छ, "म तिम्रो बाबु हुँ,
के तिमी मेरो बालक हुन्छौ ?"

तपाईँको प्रत्युत्तर के हुन्छ ?